"स्वच्छ, निष्पक्ष र प्रतिस्पर्धात्मक छनौट, लोक सेवा आयोगको दृढ अठोट"
"निजामती सेवाको सपना, समृद्ध नेपालको रचना"

# लोक सेवा आयोग
# समाचार पत्र

www.psc.gov.np

A Trimester Newsletter of Public Service Commission, Nepal

वर्ष - ७ | अंक - २ | पूर्णाङ्क - २२ | कार्तिक – पौष २०७३



(सम्माननीय राष्ट्रपति श्री बिद्यादेवी भण्डारी समक्ष लोक सेवा आयोगको सन्ताउन्नौं वार्षिक प्रतिवेदन पेश गर्नु हुँदै आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनाली)

## समावेश भएका विषयवस्तुहरू


- लोक सेवा आयोगको सन्ताउन्नौं वार्षिक प्रतिवेदन प्रस्तुत
- सन्ताउन्नौं वार्षिक प्रतिवेदनको सारसंक्षेप
- आयोगका महत्वपूर्ण निर्णयहरु
- आयोगमा/आयोगबाट कर्मचारीहरुको सरुवा/काज/पदस्थापना/अवकाश तथा राजिनामा सम्बन्धी विवरण
- भौतिक कार्य सम्बन्धी प्रगती विवरण
- विविध
- आर्थिक वर्ष २०७३/७४ को दोस्रो त्रैमासिक अवधिको कार्यसम्पादन स्थिति (२०७३ कार्तिक-पौष मसान्तसम्म)
- अन्तर्वार्ता
  (क) विद्यालय निरीक्षक श्री सुधिनराज बुढाथोकी
  (ख) खाद्य अनुसन्धान अधिकृत श्री प्रतिमा श्रेष्ठ
- सूचनामूलक लेख
- सूचनाको हक सम्बन्धी ऐन, नियमावली अनुसार सार्वजनिक गर्नुपर्ने विवरण
- लोक सेवा आयोग अन्तर्गत निकायहरुका सूचना अधिकारीहरुको विवरण
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ बमोजिम आयोग र मातहतका निकायहरुबाट सूचना माग र फछ्र्यौट सम्बन्धी विवरण
- वार्षिक कार्यतालिका (आ.व. २०७३/७४ को पदपूर्ति सम्बन्धी)
  (क)निजामती सेवातर्फ राजपत्रांकित तथा राजपत्र अनंकित श्रेणी/तहका पदहरुको वार्षिक कार्यतालिका-१
  (ख) सुरक्षा निकायहरु तथा संगठित संस्थाहरुतर्फका विभिन्न श्रेणी/तहका पदहरुको वार्षिक कार्यतालिका-२


सम्पादक मण्डल : लक्ष्मीविलास कोइराला, अध्यक्ष (सहसचिव) | गीता कुमारी होमेगाई, सदस्य (उपसचिव) | नारायण प्रसाद पोखरेल, सदस्य-सचिव (शाखा अधिकृत)

## सम्पादकीय

### आयोगको त्रैमासिक गतिविधिको संगालोको स्वरुप समाचार पत्र

लोक सेवा आयोगबाट आर्थिक वर्ष २०६७/०६८ देखि नियमित रुपमा आयोगको मुखपत्रको रुपमा समाचार पत्र प्रकाशन हुँदै आएको छ। सुरुमा आयोगबाट भएका अर्धवार्षिक गतिविधीहरुलाई समेटेर प्रकाशन गर्ने गरिएकोमा आर्थिक वर्ष २०६९/०७० बाट वर्ष-२, अंक-३, पूर्णाङ्क-५ (श्रावण-आश्विन, २०६९) देखि त्रैमासिक रुपमा प्रकाशन गर्ने गरिएको छ। आयोग र अन्तर्गतका निकायहरुबाट सम्पादन भएका मुख्य मुख्य गतिविधी समावेश गरेर प्रकाशन गरिने समाचार पत्र आयोगको सूचना बैङ्क (Information Bank) को रुपमा रहेको छ।

आयोगबाट प्रकाशन हुने समाचार पत्रलाई वेवसाईटमा राखिने गरिएको हुँदा आयोगको कार्य प्रकृयासँग जिज्ञासा राख्ने सरोकारवालाहरु समक्ष सूचना सम्प्रेषण हुन सक्नेमा विश्वस्त हुन सकिन्छ। समाचार पत्रमा संलग्न गरिने सूचनाको हक सम्बन्धी ऐन तथा नियमावली बमोजिमको सार्वजनिक निकायहरुले गर्नुपर्ने अग्र सक्रिय खुलासा (Proactive Disclosure) को विवरणले सूचनाको सार्वजनिकताको महत्वलाई प्रष्ट पार्ने गर्दछ।

समाचार पत्रमा समावेश गरिने विषयहरु र सोसँग सम्बन्धित तथ्याङ्कहरु महत्वपूर्ण अभिलेखका रुपमा रहने र आयोगबाट आगामी दिनमा गरिने निर्णयहरुको लागि समेत महत्वपूर्ण आधार हुन सक्नेमा विश्वस्त हुन सकिन्छ।

## लोक सेवा आयोगको सन्ताउन्नौं वार्षिक प्रतिवेदन प्रस्तुत

लोक सेवा आयोगका माननीय अध्यक्ष उमेशप्रसाद मैनालीले २०७३ मंसिर १७ गते शुक्रवार नेपालको संविधानको धारा २९४ बमोजिम लोक सेवा आयोगको सन्ताउन्नौ वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०७२/७३) राष्ट्रपति कार्यालय, शितल निवासमा एक समारोहका बीच सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारी समक्ष प्रस्तुत गर्नुभयो। सो अवसरमा आयोगका माननीय सदस्यहरु बिन्द्रा हाडा (भट्टराई), डा.गोविन्दप्रसाद कुसुम, श्रीपुरुष ढकाल, अशोककुमार झा, ब्रहमदेव राय, कृष्णचन्द्र झा, आयोगका सचिव मधुप्रसाद रेग्मी, राष्ट्रपतिको कार्यालयका सचिव भूपेन्द्रप्रसाद पौडेल लगायत आयोग र राष्ट्रपतिको कार्यालयका उच्च अधिकारीहरुको सहभागीता रहेको थियो।

सम्माननीय राष्ट्रपतिज्यू समक्ष आयोगको प्रतिवेदन प्रस्तुत गर्दै लोक सेवा आयोगका माननीय अध्यक्ष उमेशप्रसाद मैनालीले प्रतिवेदन अवधिमा रिक्त पदपूर्तिका लागि प्राप्त माग तथा प्रकाशित विज्ञापन, लिखित परीक्षा व्यवस्थापन, अन्तवार्ता र सिफारिस, समावेशी उम्मेदवारको छनौट व्यवस्था, परामर्श तथा विभागीय सजाय, निरीक्षण, परीक्षण प्रविधि, पाठ्यक्रम र शैक्षिक योग्यता, सुरक्षा निकाय र संगठित संस्थाको पदपूर्ति सम्बन्धी विषयहरु, आयोगका काम कारवाहीमा भइरहेका सुधार प्रयासहरु, आयोगले दिएको परामर्शको कार्यान्वयन तथा पदपूर्ति सम्बन्धी अन्य विषयमा आयोगका गम्भिर ध्यानाकर्षण भएका विषयहरु, पदपूर्ति सम्बन्धी विषयहरुमा आयोगले अनुभूत गरेका विसंगतिहरु, सरकारी सेवामा भविष्यमा गर्नुपर्ने सुधारहरु तथा नेपालको संविधान कार्यान्वयनको प्रगती लगायतका विषयहरु प्रतिवेदनमा समेटिएको जानकारी दिनुभयो।

आयोगको सन्ताउन्नौं प्रतिवेदन ग्रहण गर्दै राष्ट्रपतिले आयोगले आफ्नो वार्षिक प्रतिवेदन बुझाएकोमा लोक सेवा आयोगका अध्यक्ष, सदस्यहरु तथा सम्पूर्ण कर्मचारीहरुलाई बधाई तथा धन्यवाद दिनुभयो। सम्माननीय राष्ट्रपतिले संविधानले आयोगको कार्यक्षेत्र विस्तार गरेको छ, कार्यक्षेत्र विस्तार गर्नुको तात्पर्य आयोगले जनताको विश्वास पाएको, पवित्रता कायम गर्न सकेको प्रमाण हो भन्ने मलाई लागेको छ भन्नुभयो। उक्त अवसरमा सम्माननीय राष्ट्रपतिले आयोगले संविधानप्रदत कार्य समयमा नै सम्पादन गर्न सकेको र जनताको विश्वास निरन्तर आर्जन गरेकोमा खुसी व्यक्त गर्नुभयो। राष्ट्रपतिले आयोगले जस्तोसुकै कठिन परिस्थिति, राजनैतिक तरलता भएको अवस्थामा पनि मुलुक चलाउने स्थायी सरकार निर्माणका लागि उम्मेदवार छनौट गर्ने गहन जिम्मेवारी निभाएकोमा प्रशन्नता व्यक्त गर्दै निजामती कर्मचारी प्रवेश गर्ने ढोका भएकाले निजामती सेवामा देखिएका समस्याहरु बुझी समाधानका लागि आयोगले समयमा नै ध्यान दिनेछ भन्ने विश्वास व्यक्त गर्नुभयो।

राष्ट्रपतिले प्रतिवेदनमा सरकारी सेवामा प्रवेश गर्ने महिलाहरु बढी इच्छुक भएको तर सेवा प्रवेशमा भित्रिने क्रम भने कम रहेको देखिएकोले निजामती सेवामा उनीहरुको सहभागिता वृद्धि गर्न महिलाहरुको दक्षता अझै अभिवृद्धि गर्ने गरी प्रशिक्षण दिन सके राम्रो हुने सुझाव दिनुभयो। आयोगले उच्च प्रविधि प्रयोग गरि कार्य सम्पादनलाई अझ सशक्त र पारदर्शी बनाउनु पर्नेमा जोड दिनुभयो। आयोगले संविधानको मर्म र भावना अनुरुप उत्तरदायी भई काम गरेकोमा र भविष्यमा पनि यस्तै सफलता मिलोस् भन्ने शुभकामना समेत व्यक्त गर्नुभएको थियो।



*(आयोगको सन्ताउन्नौं वार्षिक प्रतिवेदन प्रस्तुत गरिसकेपछि सम्माननीय राष्ट्रपतिका साथमा आयोगका पदाधिकारी एवं कर्मचारीहरु)*


लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं फोनः ०१-४७७१५२८, ४७७१४९४, फ्याक्सः ४७७१४९०

# सन्ताउन्नौं वार्षिक प्रतिवेदनको सारसंक्षेप

लोक सेवा आयोगको सन्ताउन्नौ वार्षिक प्रतिवेदनमा आयोगको पृष्ठभूमि (गठन, उद्देश्य, काम, कर्तव्य र अधिकार), आयोगको संगठनात्मक संरचना, प्रतिवेदन अवधि (आर्थिक वर्ष २०७२/७३) मा भएका विज्ञापन, दरखास्त संकलन, परीक्षा सञ्चालन, अन्तर्वार्ता तथा सिफारिश सम्बन्धी विवरण, आयोगले विभिन्न निकायका पदाधिकारीलाई गरेको अधिकार प्रत्यायोजन, विभागीय सजाय लगायत माग भई आएको विषयमा दिइएको परामर्श विवरण, आयोगबाट लिइने विभिन्न पदहरुका शैक्षिक योग्यता निर्धारण, पाठ्यक्रम निर्माण र परिमार्जन, सुरक्षा निकाय र संगठित संस्थाको पदपूर्ति सम्बन्धी विषयहरु, आयोगबाट विभिन्न निकायमा भएको निरीक्षण, आयोगका सुधार प्रयासहरु, आयोगको गम्भीर ध्यानाकर्षण भएका विषयहरु, पदपूर्ति सम्बन्धी विषयहरुमा आयोगले अनुभूत गरेका विसंगतिहरु, सरकारी सेवामा सुधारका लागि भविष्यमा गर्नुपर्ने सुधारहरु तथा नेपालको संविधान कार्यान्वयनको प्रगती सम्बन्धी विषयहरु समेटिएका छन् ।

प्रतिवेदन अवधिमा आयोगले निजामती सेवामा रिक्त रहेका १३ हजार १ सय १२ पदका लागि ३ हजार १ सय ७६ वटा विज्ञापन तथा सूचनाहरू प्रकाशन गरेको थियो । जसका लागि जम्मा ५ लाख ९५ हजार ३१ जना उम्मेदवारहरुको दरखास्त पर्न आएका थिए । कुल दरखास्तमध्ये महिला उम्मेदवारको संख्या ५३.५ प्रतिशत अर्थात ३ लाख १८ हजार ५ सय ३ रहेको थियो भने पुरुष उम्मेदवारको संख्या ४६.५ प्रतिशत अर्थात २ लाख ७५ हजार ८ सय ७७ रहेको थियो । निजामती सेवाका विभिन्न पदहरुका लागि दरखास्त दिनेमा महिला पछि विगत वर्षहरुको तुलनामा मधेसी समुदाय र पिछडिएको क्षेत्रको सहभागिता बृद्धिउन्मुख रहेको पाईन्छ । त्यस्तै दरखास्त दिने उम्मेदवारहरुको उमेरको आधारमा हेर्दा २१-२५ वर्ष र २६-३० वर्ष समूहका उम्मेदवार क्रमशः ३८ र ३० प्रतिशत रहेको देखिन्छ । विकासक्षेत्रलाई हेर्दा पूर्वाञ्चलबाट २४ प्रतिशत, मध्यमाञ्चलबाट २८.८ प्रतिशत, पश्चिमाञ्चलबाट २० प्रतिशत, मध्यपश्चिमाञ्चलबाट १६.९ प्रतिशत र सुदूरपश्चिमाञ्चल विकासक्षेत्रबाट ९.६ प्रतिशत उम्मेदवारहरुले विभिन्न पदको लागि दरखास्त दिएको देखिन्छ । जातिगत रुपमा हेर्दा लोक सेवा आयोगका परीक्षाहरुका लागि दरखास्त दिने प्रमुख दश जातिहरुमा ब्राह्मण, क्षेत्री, मगर, थारु, यादव, नेवार, राई, तामाङ, तेली र कामी रहेको पाइन्छ भने मातृभाषालाई आधारमा हेर्दा नेपाली, मैथिली, थारु, भोजपुरी र नेवारी मातृभाषा हुनेको संख्या उच्च पाँच स्थानमा रहेको देखिन्छ ।

आयोगले विभिन्न श्रेणी र तहका राजपत्रांकिततर्फ १ हजार ६७ र राजपत्र अनंकिततर्फ ४ हजार ५ सय ७१ गरी जम्मा ५ हजार ६ सय ३८ उम्मेदवारहरूलाई नियुक्तिका लागि सिफारिश गरेको थियो । जसमा पुरुषको सिफारिश ६२ प्रतिशत र महिलाको सिफारिश ३८ प्रतिशत रहेको थियो । त्यसैगरी समावेशी समूहतर्फ ४ हजार २ सय ७७ पदको लागि २ लाख ७२ हजार ८५ उम्मेदवारहरूले दरखास्त फाराम भरेका थिए जसमध्ये महिला ७ सय ९७, आदिवासी जनजाती ६ सय २९, मधेसी ५ सय ३, दलित २ सय १३, अपाङ्ग १ सय १ र पिछडिएको क्षेत्र ९५ जना गरी जम्मा २ हजार ३ सय ३८ उम्मेदवारहरू नियुक्तिको लागि सिफारिश भएका थिए । प्रतिवेदनमा उल्लेखित निजामती सेवामा नियुक्तिका लागि सिफारिश भएको जिल्लागत तथ्यांकले देशका हरेक जिल्लाहरुबाट निजामती सेवाका लागि उम्मेदवारहरुको सिफारिश भएको देखिन्छ ।

प्रतिवेदन अवधिमा आयोगबाट विभिन्न सरकारी निकायबाट विभागीय कारवाहीका लागि परामर्श माग भएकोमध्ये सामान्य सजाय अन्तर्गत ४२ जनालाई नसिहत दिन, २९ जनालाई तलब वृद्धि रोक्का गर्न, ९ जनालाई बढुवा रोक्का गर्न तथा विशेष सजाय अन्तर्गत ३९ जनालाई भविष्यमा निजामती सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन परामर्श दिईएको थियो । साथै, आयोगले बढुवा उजूरीतर्फ बढुवा सूचना उपर परेका ३१ वटा उजूरीमा सुनुवाइ गरी टुङ्गो लगाएको थियो भने आयोग समेतलाई विपक्षी बनाई दायर भएका ४९ वटा रिट निवेदनको सम्मानित अदालतमा लिखित जवाफ समेत पठाइएको थियो ।

आयोगले परीक्षा सञ्चालन तथा उत्तरपुस्तिका परीक्षणका क्षेत्रमा महत्वपूर्ण सुधार गरेको छ भने पदको कार्यविवरण र उम्मेदवारहरुको न्यूनतम शैक्षिक योग्यताको आधारमा परीक्षाहरुको पाठ्यक्रममा समसामयिक सुधार कार्यलाई निरन्तरता प्रदान गर्दै आएको छ । परीक्षाहरुमा उम्मेदवारहरुको सहज पहुँच पुऱ्याउन आयोगको कार्यालय नभएका दूरीका हिसाबले टाढा भएका हुम्ला र डोल्पा तथा बढी जनघनत्व भएको सिराहाको लाहानमा केही राजपत्र अनंकित श्रेणीका पदहरुको लागि परीक्षा केन्द्र सञ्चालनमा ल्याइएको छ । राजपत्रांकित श्रेणीका केही पदहरुको उत्तरपुस्तिकाको परीक्षण दुई विज्ञबाट गराउने व्यवस्था गरिएको छ । आयोगले परीक्षण प्रणालीलाई थप वैज्ञानिक बनाउन उच्च तहका पदहरुका लागि "एसिस्मेण्ट सेन्टर मेथोडोलोजी" क्रमशः लागू गर्न थालेको छ । साथै, आयोगबाट सूचना प्रकाशनमा भएका सुधारात्मक कार्यहरु तथा नेपालको संविधान कार्यान्वयनप्रति आयोगको तत्परतासमेत प्रतिवेदनमा समावेश गरिएको छ ।

नेपालको संविधान कार्यान्वयनमा आएपछि लोक सेवा आयोगले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल लगायत पचास प्रतिशत वा सोभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संगठित संस्थाहरुको पनि लिखित परीक्षा सञ्चालन प्रारम्भ गरिसकेको छ । यस अवधिमा सुरक्षा निकाय समेत गरी २८ वटा संगठित संस्थाहरुमा पदपूर्तिसम्बन्धी कार्य सम्पन्न भएको छ । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र संगठित संस्थाहरुको पदपूर्ति व्यवस्थापन गर्न आयोगको सिद्धान्त र मर्मअनुरुप सम्बन्धित निकायहरुको सहमतिमा पदपूर्ति सम्बन्धी नीति तय गर्ने कार्य पनि भएको छ ।

प्रतिवेदनमा आयोगले आफ्नो नियमित कार्यसम्पादनको सिलसिलामा अनुभूत गरेका नीतिगत, प्रकृयागत र कार्यविधिगत तथा अन्य विषयहरू, आयोगको प्रतिवेदन कार्यान्वयनको स्थिति, ऐन, नियम तथा सामान्य सिद्धान्त विपरित नियुक्ति, बढुवा, सरुवा भएका विषयहरू, आयोगले वार्षिक प्रतिवेदन एवं पटके निर्णयहरू गरी विभिन्न निकायहरूलाई दिएको परामर्शको कार्यान्वयन नहुनुले पुनः ध्यानाकर्षण गर्नुपर्दा असहज महसुस भएको एवं आयोगले अनुभूत गरेका समस्याहरू समेत प्रतिवेदनमा समावेश गरिएको छ । साथै, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल लगायत पचास प्रतिशत वा सोभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संगठित संस्थाहरुको लिखित परीक्षा सञ्चालन, निकायहरुको पदपूर्ति समितिमा गरिने प्रतिनिधित्व एवं सामान्य सिद्धान्तका विषयमा परामर्श माग भई आएका विषयहरु समेतका आधारमा अनुभूत गरेका कठिनाई एवं समस्याहरु र विसंगतिहरु समेतलाई प्रतिवेदनमा उल्लेख गरिएको छ ।

नेपाल सरकारका मन्त्रालय तथा कार्यालयहरूबाट रिक्त पदहरुको माग आकृति फाराम ऐनको व्यवस्था अनुसार समयमा प्राप्त नभई विज्ञापन गर्नुपर्ने अन्तिम समयमा मात्र प्राप्त हुने, जिम्मेवार पदाधिकारीहरूले आफ्नो अनुकूल हुने नदेखेमा रिक्त दरबन्दी नै लुकाई राख्ने, कार्यालयका लागि तोकेर आयोगमा माग गरि पठाएका पदहरुमा सरुवा गरि पद पूर्ति गरि आयोगवाट सिफारिश भएका उम्मेदवारहरुलाई नियुक्ति नदिएर भुलाउने प्रवृतिप्रति आयोगको गम्भिर ध्यानार्कषण भएको छ । नेपाल सरकारका मन्त्रालय र निकायहरुमा पाईने उदासिनता र आत्मकेन्द्रित भावनाले गर्दा आयोगको कार्यसम्पादनमा कठिनाई उत्पन्न हुने गरेको विषयमा पटक पटक वार्षिक प्रतिवेदनमा उठाए पनि विगतको स्थितिमा खासै सुधार हुन सकेको छैन ।

आयोगले निजामती सेवाप्रति योग्य र सक्षम उम्मेदवारहरुको आकर्षण बढाउन र निजामती सेवालाई अझ बढी सक्षम, सुदृढ, सेवामूलक एवं प्रभावकारी बनाउन निकै सुधार गर्नु पर्ने आवश्यकता अनुभव गरेको छ । निजामती सेवामा भविष्यमा गर्नुपर्ने सुधारका केही महत्वपूर्ण विषयहरूलाई आयोगले प्रतिवेदनमा उठाएको छ ।

# आयोगका महत्वपूर्ण निर्णयहरु

१. नेपाल स्वास्थ्य सेवा, विभिन्न समूह/उपसमूह, नवौं र एघारौं तहका पदहरुको खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाका सम्बन्धमा मिति २०७३/७/१ मा देहाय बमोजिम निर्णय भएको ।

(क) नेपाल स्वास्थ्य सेवा, विभिन्न समूह/उपसमूह, नवौं र एघारौं तहका पदहरुको प्रथम पत्रको खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाको विद्यमान परीक्षा कार्ययोजनामा मिति २०७३/७/१ देखि लागू हुने गरी देहाय बमोजिम संशोधन गर्नेः

### नवौं तह, प्रथम चरण (First Phase)

| Paper | Subject | | Marks | Full Marks | Pass Marks | No.Questions & Weightage | Time Allowed |
|---|---|---|---|---|---|---|---|
| I | General Subject | Part I: Management | 50 | 100 | 40 | 6×5=30 (Short answer)<br>2×10=20 (Long answer) | 3.00 hrs |
| | | Part II: General Health Issues | 50 | | | 4×5=20 (Short answer)<br>3×10=30 (Long answer) | |
| II | Technical Subject | | | 100 | 40 | 4×15=60 (Critical Analysis)<br>2×20=40 (Problem Solving) | 3.00 hrs |

### द्वितीय चरण (Second Phase)

| Paper | Subject | Full Marks | Types | Time Allowed |
|---|---|---|---|---|
| Interview | | 30 | Oral | |

### एघारौं तह, प्रथम चरण (First Phase)

| Paper | Subject | | Marks | Full Marks | Pass Marks | No.Questions & Weightage | Time Allowed |
|---|---|---|---|---|---|---|---|
| I | General Subject | Part I: Management | 50 | 100 | 40 | 6×5=30 (Short answer)<br>2×10=20 (Long answer) | 3.00 hrs |
| | | Part II: General Health Issues | 50 | | | 4×5=20 (Short answer)<br>3×10=30 (Long answer) | |
| II | Technical Subject | | | 100 | 40 | 4×15=60 (Critical Analysis)<br>2×20=40 (Problem Solving) | 3.00 hrs |

### द्वितीय चरण (Second Phase)

| Paper | Subject | Full Marks | Types | Time Allowed |
|---|---|---|---|---|
| Interview | | 30 | Oral | |

**द्रष्टव्यः**

१. नेपाल स्वास्थ्य सेवा अन्तर्गतका सबै समूह/उपसमूहहरुको लागि प्रथम पत्रको पाठ्यक्रमको विषय वस्तु एउटै हुनेछ तर द्वितीय पत्र (Technical Subject) को पाठ्यक्रम समूह/उपसमूह अनुरुप फरक हुनेछ ।

२. प्रथम पत्रको लिखित परीक्षा समूह/उपसमूहका लागि संयुक्त रुपमा एउटै प्रश्नपत्रबाट एकै दिन वा छुट्टा छुट्टै प्रश्नपत्रबाट एकैदिन वा छुट्टा छुट्टै दिन पनि हुन सक्नेछ । यसै गरी द्वितीय पत्रको परीक्षा पनि समूह/उपसमूह अनुसार अलग अलग दिन छुट्टा छुट्टै प्रश्नपत्रबाट हुनेछ ।

३. प्रश्नपत्रको Part I / Part II को उत्तरपुस्तिका छुट्टाछुट्टै हुनेछ भने द्वितीय पत्रको लागि प्रत्येक प्रश्नका लागि उत्तरपुस्तिकाहरु छुट्टाछुट्टै हुनेछन् ।

४. पाठ्यक्रममा भएका यथासम्भव सबै पाठ्यांशहरुबाट प्रश्न सोधिने छन् ।

५. यस पाठ्यक्रममा जेसुकै लेखिएको भएता पनि पाठ्यक्रममा परेका ऐन, नियमहरु, परीक्षाको मिति भन्दा ३ महिना अगाडि संशोधन भएका वा संशोधित भई हटाईएका वा थप गरी संशोधित भई कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

(ख) स्वास्थ्य सेवा अन्तर्गतका सबै समूह/उपसमूहहरुका नवौं र एघारौं तहका पदहरुको खुला वा आन्तरिक प्रतियोगिताका लागि द्वितीय पत्र (Technical Subject) का लागि यस भन्दा अगाडि कायम रहेको द्वितीय पत्र Service Specific को Technical Subject को पाठ्यक्रम नै यथावत् गर्ने तर नवौं र एघारौं तहका पदहरुको खुला तथा आन्तरिक प्रतियोगिताका लागि द्वितीय पत्र Technical Subject को पाठ्यक्रमको विषयवस्तु एउटै भएकाको हकमा क्रमशः फरक फरक गर्ने ।

(ग) स्वास्थ्य सेवा अन्तर्गतका सबै समूह/उपसमूहहरुका नवौं र एघारौं तहका पदहरुको खुला वा आन्तरिक प्रतियोगिताको लागि यस भन्दा अगाडि कायम रहेको परीक्षा योजना (Exam Scheme) खारेज गर्ने ।

२. नेपाल वन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५१ संशोधनका लागि वन तथा भू-संरक्षण मन्त्रालयबाट परामर्श माग भई आएका सम्बन्धमा देहायका आधारमा प्रस्तावित नियमका प्रावधानहरु लागू हुने गरी संशोधन गर्न परामर्श दिने गरी आयोगबाट मिति २०७३/७/४ मा निर्णय भएको ।

- प्रत्येक सेवाभित्र आवश्यक विशेषज्ञताका आधारमा विभिन्न समूहहरु गठन गरी वृत्ति विकासलाई समूहभित्र व्यवस्थित गर्न तथा व्यवसायिकताको विकास गर्न गरिएका व्यवस्थाहरु क्रमशः हटाउदैं जाँदा सेवा, समूह गठनका उद्देश्य प्रतिकूल हुने ।
- वन सेवा भित्र समूहीकृत भएका राजपत्रांकित प्रथम श्रेणीका केही पद समूहीकृत नगर्ने गरी नियम संशोधन गर्दा अन्य प्राविधिक सेवाहरुमा पनि नियम संशोधन गरी यस्तै व्यवस्था गर्ने क्रम सुरु हुन गयो भने सेवा, समूह गठनको औचित्य नै समाप्त हुन सक्दछ, यसर्थ नेपाल सरकारले समग्रमा नै यस विषयलाई हेर्न उपयुक्त हुन्छ ।
- सेवा, समूहभित्रका एकै श्रेणीका केही पद समूहीकृत गर्ने र केही पद समूहीकृत नगर्ने प्रस्तावित नियमको व्यवस्था संगठनको परम्परा, वृत्ति विकासका सिद्धान्तसँग मेल खाने देखिएन ।

३. निजामती सेवातर्फ रा.प.प्रथम र द्वितीय श्रेणी (प्राविधिक/अप्राविधिक) पद र स्वास्थ्य सेवाका एघारौं र नवौं तहको विज्ञापनहरुमा खुलातर्फका पदहरुमा दरखास्त फाराम भर्ने उम्मेदवारहरुको पहिलेको सेवा अनुभव गणना गर्ने सम्बन्धमा संगठित संस्था वा अन्य गैर सरकारी निकायहरु र निजामती सेवा बाहेकका सरकारी सेवामा स्थायी नियुक्ति पाई गरेको एक वर्ष भन्दा कम अवधिको सेवा अवधि अनुभवमा गणना नगर्ने गरी मिति २०७३/७/४ मा निर्णय भएको ।

४. संयुक्त र एकीकृत परीक्षा प्रणाली (Integrated & Unified Examination System) भएको अप्राविधिकतर्फ (न्याय, परराष्ट्र, प्रशासन, लेखापरीक्षण र संसद सेवा) राजपत्रांकित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाको, चतुर्थ पत्र ऐच्छिक विषयको अङ्कभार सम्बन्धमा देहाय बमोजिम गर्ने गरी मिति २०७३/८/२० मा निर्णय भएको ।

- राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक) तर्फको शाखा अधिकृत वा सो सरह लिखित परीक्षाको द्वितीय चरणको चतुर्थ पत्र ऐच्छिक विषयको अङ्कभारलाई घटाई पूर्णाङ्क ५० कायम गरी प्रश्नपत्र संख्या ५० र परीक्षा समय ४५ मिनेट गर्ने ।
- हाल विषयगत उत्तरपुस्तिकाको परीक्षण गर्दा परीक्षकले अधिकतम अङ्क भार ६०% सम्म दिन सक्ने प्रावधान भएकोमा उक्त अङ्क भारलाई बढाई ७०% सम्म कायम गर्ने र उक्त प्रतिशत भन्दा बढी अङ्क दिनुपरेमा परीक्षकले स्पष्ट पुस्ट्याइ र औचित्य अनिवार्य दिनुपर्ने ।
- परीक्षकले कारण सहित ७०% भन्दा बढी अङ्क दिइएका उत्तरपुस्तिकाहरु अर्को दक्षलाई पुनःपरीक्षण गराई उक्त उत्तरपुस्तिकामा प्राप्त अङ्कहरुको औषत लिई उक्त औषत अङ्कलाई प्राप्ताङ्क मान्ने व्यवस्था गर्ने ।

५. लोक सेवा आयोगद्वारा सञ्चालित विभिन्न सेवा, समूह र पदको विभिन्न मितिमा सञ्चालित प्रतियोगितात्मक लिखित परीक्षामा तपसीलका परीक्षा केन्द्रबाट सम्मिलित भएका देहाय अनुसारका उम्मेदवारहरुले लोक सेवा आयोग ऐन, २०६६ र आयोगको (कार्यसंचालन) निर्देशिका, २०६७ अनुसार परीक्षामा अनियमितता गरेको पाइएकोले देहाय बमोजिम गर्ने गरी विभिन्न मितिहरुमा आयोगबाट निर्णय भएको ।

| क्र.सं. | विज्ञापन नं. | पद | रोल नं. | परीक्षा केन्द्र | उम्मेदवारको नाम/ठेगाना | बुबा/आमाको नाम | बाजेको नाम | परीक्षा मिति | अनियमित कार्यको विवरण | कारवाहीको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नेपाल प्रहरी (जनपद) तर्फ | | | | | | | | | निर्णय मितिः- २०७३/८/१४ | |
| १. | ०७२/७३ | प्रहरी निरीक्षक | १११५ | एम्बिसन कलेज, काठमाडौं (क) | गणेश अधिकारी, हाँडीखोला-६, मकवानपुर | गोविन्द/मिना | बलराम | २०७३/७/८ | आईक्यूको प्रश्नपत्र मोबाइल फोन प्रयोग गरी फोटो खिचेको । | परीक्षार्थीले दिएको उक्त परीक्षा रद्द गर्ने । |
| २. | ०७३/७४-१ | प्रहरी सहायक निरीक्षक | १५२५४ | तालबाराही मा.वि., पोखरा | दुर्गाबहादुर सारु कृष्णगण्डकी-५, स्याङ्जा | खिमबहादुर | देउपति | २०७३/८/१९ देखि २२ | मोबाइल फोनमा पाठ्यसामग्री हेरेको । | उक्त परीक्षा रद्द गरी परीक्षामा अनियमितता गरेको मितिदेखि ३ (तीन) वर्षसम्म आयोगबाट सञ्चालन हुने कुनैपनि परीक्षामा उमेदवार हुन नपाउने गरी निलम्बन गर्ने । |
| ३. | | | ३०७१६ | आशिर्वाद कलेज, सामाखुसी, काठमाडौं | आर्विन दनुवार, देवभूमि बालुवा-३, काभ्रे | प्रेमबहादुर | जितबहादुर | | चिटबाट उत्तरपुस्तिकामा सारेको । | उक्त परीक्षा रद्द गरी परीक्षामा अनियमितता गरेको मितिदेखि ३ (तीन) वर्षसम्म आयोगबाट सञ्चालन हुने कुनैपनि परीक्षामा उमेदवार हुन नपाउने गरी निलम्बन गर्ने । |
| ४. | | | ३०८८५ | | मदन श्रेष्ठ, जोरपाटी-७, काठमाडौं | रामकुमार | साईला | | संविधान र सेवा सम्बन्धी विषयको उत्तर एउटै उत्तरपुस्तिकामा लेखि अर्को उत्तरपुस्तिकाको कभर पेज निकाली उत्तर भएको स्थानमा टाँसी बुझाएको । | परीक्षार्थीले दिएको उक्त परीक्षा रद्द गर्ने |
| ५. | | | २६२९६ | इ.पि.एस. स्कूल, मीनभवन, काठमाडौं | मनिष गुमान्जु, कटुन्जे-५, भक्तपुर | मगलबहादुर | तुल्सीबहादुर | | चिटबाट उत्तरपुस्तिकामा सारेको । | उक्त परीक्षा रद्द गरी परीक्षामा अनियमितता गरेको मितिदेखि ३ (तीन) वर्षसम्म आयोगबाट सञ्चालन हुने कुनैपनि परीक्षामा उम्मेदवार हुन नपाउने गरी निलम्बन गर्ने । |
| ६. | | | २६४९९ | | बिष्णु के.सी., बाँफकटेरी-४, गुल्मी | तेजबहादुर | गितबहादुर | | | |
| ७. | | | २९९४९ | मनमोहन मेमोरियल कलेज, सोह्रखुट्टे, काठमाडौं | चेतमान बुडथापा, मष्टामाण्डौ-९, अछाम | ध्वजबहादुर | गगनसिंह | | मोबाइल फोनबाट उत्तरपुस्तिकामा सारेको । | |
| ८. | | | ३०१९९ | | निरञ्जनकुमार योञ्जन, सेमजोङ-४, धादिङ्ग | सेरबहादुर | बिरबहादुर | | | |
| ९. | | | ३०४१४ | | दिनेश सिंह, थलारा, बझाङ्ग | दिलबहादुर | जयबहादुर | | | |
| नेपाली सेनातर्फ | | | | | | | | | | |
| १०. | ०७३/७४-२३ | सैन्य | २७७० | दूर्गालक्ष्मी बहूमुखी क्याम्पस, कैलाली | हरिबहादुर थापा, बोर्लाङ-१, गोरखा | लोकबहादुर/ राममाया | रणबहादुर | २०७३/८/२५ | निजको नाममा रामबहादुर र मानकुमारीको छोरा ज्योती थापा मगरले परीक्षा दिएको | उक्त परीक्षा रद्द गरी परीक्षामा अनियमितता गरेको मितिदेखि ५ (पाँच) वर्षसम्म आयोगबाट सञ्चालन हुने कुनैपनि परीक्षामा उम्मेदवार हुन नपाउने गरी निलम्बन गर्ने । |
| ११. | | | ४९५७ | किङ्गस कलेज, बबरमहल, काठमाडौं | मिनबहादुर सुनुवार, रस्नालु-९, रामेछाप | लीलाबहादुर/ कमलमाया | धर्मसिंह | | विषयगत उत्तरपुस्तिका बुझाई बस्तुगत उत्तरपुस्तिका आफैँले लिई गएको | उक्त परीक्षा रद्द गरी परीक्षामा अनियमितता गरेको मितिदेखि ३ (तीन) वर्षसम्म आयोगबाट सञ्चालन हुने कुनैपनि परीक्षामा उम्मेदवार हुन नपाउने गरी निलम्बन गर्ने । |
| नेपाल आयल निगमतर्फ | | | | | | | | | | |
| १२. | ३६-३८/ ०७२-७३ | उप-प्रवन्धक (प्रा.), तह ७ | १७८ | काठमाण्डौं | सुरज महर्जन, ललितपुर-११, ललितपुर | श्याम/ पूनमाया | आशालाल | २०७३/७/२७ | मोबाइलबाट चिट चोरेको | उक्त परीक्षा रद्द गरी परीक्षामा अनियमितता गरेको मितिदेखि ३ (तीन) वर्षसम्म आयोगबाट सञ्चालन हुने कुनैपनि परीक्षामा उम्मेदवार हुन नपाउने गरी निलम्बन गर्ने । |
| १३. | ४४/७२-७३ | सहायक प्रवन्धक, प्रशासन, तह ६ | ६०२ | हेराल्ड इन्टरनेशनल कलेज, महाराजगञ्ज (क) | अमृत पौडेल, पकुवा-६, पर्वत | पिताम्बर/ गिता | छविलाल | २०७३/८/४ | उत्तरपुस्तिका च्यातेको | |

६. नेपाल न्याय सेवाका राजपत्र अनंकित प्रथम श्रेणीका पदहरुको पदपूर्तिका लागि पुनरावेदन अदालतहरुबाट सम्बन्धित क्षेत्रीय निर्देशनालयहरुमा माग आकृति फाराम भरी पठाउने व्यवस्था रहेकोमा साविकमा रहेका पुनरावेदन अदालत खारेज भई उच्च अदालत र इजलास गठन भएको हुँदा सो बाट पुनरावेदन अदालत र लोक सेवा आयोगको सम्बन्धित क्षेत्रीय निर्देशनालयहरुसँग कार्यक्षेत्रमा समानता नभएको हुँदा न्याय सेवाको रा.प.अनं.प्रथम श्रेणीका पदहरुको हकमा मात्र देहाय अनुसार कार्यक्षेत्र कायम गर्ने गरी मिति २०७३/९/११ मा निर्णय भएको । नेपालको संविधान र न्याय प्रशासन ऐन, २०७३ अनुसार अदालतहरुको पुनः संरचना हुँदा साविकको पुनरावेदन अदालतको क्षेत्राधिकार र हाल गठन भएका उच्च अदालत तथा सो अन्तर्गतका इजलास, अस्थायी इजलासको क्षेत्राधिकारमा परिवर्तन हुन गएकोले न्याय सेवा, न्याय समूहको रा.प.अनं.प्रथम श्रेणीका पदहरुको माग आकृति फाराम संकलन, प्रतिशत निर्धारण, विज्ञापन देखि सिफारिश सम्मका कार्यहरु साविकमा क्षेत्रीय निर्देशनालयहरुले सम्पादन गर्दै आएका जिल्लाहरु र हालको उच्च अदालतको कार्यक्षेत्र एउटै भएको अवस्थामा सोही अनुसार गर्ने र उच्च अदालत जनकपुर र तुलसीपुरको कार्यक्षेत्रमा पर्ने उच्च अदालत र जिल्ला अदालतको हकमा देहाय अनुसार गर्ने ।

| क्र.सं. | उच्च अदालत | प्रादेशिक क्षेत्र | फरक क्षेत्र |
|---|---|---|---|
| १. | उच्च अदालत जनकपुर | धनुषा, महोत्तरी, सर्लाही, सिराहा, सप्तरी | सिराहा र सप्तरी जिल्लाको सम्बन्धमा पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटाले पदपूर्ति सम्बन्धी कार्य गर्दै आएकोमा मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, काठमाडौंले गर्ने । |
| २. | उच्च अदालत तुलसीपुर | अर्घाखाँची, गुल्मी, पाल्पा, नवलपरासी, कपिलवस्तु, रुपन्देही | सबै जिल्लाहरु पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखराले पदपूर्ति सम्बन्धी कार्य गदै आएकोमा मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेतले गर्ने । |

७. राजपत्र अनंकित प्रथम र द्वितीय श्रेणीका पदहरुको जेष्ठता र कार्य सम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवाको लागि जिल्ला स्थित कार्यालयहरुमा बढुवाका लागि छुट्टयाइएका पदहरुमा बढुवा समितिको निर्णय उपर उजुरी सुन्ने प्रयोजनका लागि अधिकार प्रत्यायोजन गर्ने सर्न्दभमा देहाय अनुसार गर्ने गरी मिति २०७३/९/२५ मा निर्णय भएको ।

- राजपत्र अनंकित पदहरुको विज्ञापन गर्दा विगतमा पुनरावेदन सरकारी वकिल कार्यालय कायम गरी विज्ञापन प्रकाशन गरी आएकोमा उच्च सरकारी वकिल कायम गरी विज्ञापन प्रकाशन गर्ने ।
- लोक सेवा आयोगले निजामती सेवा नियमावली, २०५० को नियम ७२ को खण्ड (ग) बमोजिमका बढुवा समितिले गरेका बढुवा सिफारिश उपर निजामती सेवा ऐन, २०४९ को दफा २४ (च) को उपदफा (१) बमोजिम उजुरी सुन्ने प्रयोजनका लागि मिति २०६४/११/२० मा प्रकाशित नेपाल राजपत्रको भाग ५ खण्ड ५७ संख्या ४६ सि.नं. २ बाट सम्बन्धित पुनरावेदन अदालतका रजिष्टारले प्रयोग गर्ने गरी अधिकार प्रत्यायोजन गरिएकोमा लोक सेवा ऐन, २०६६ को दफा २० को उपदफा (२) बमोजिम उक्त अधिकार फिर्ता लिई नेपालको संविधानको धारा २४३ को उपधारा (८) तथा लोक सेवा आयोग ऐन, २०६६ को दफा २० को उपदफा (१) बमोजिम उक्त उजुरी सुन्ने अधिकार सम्बन्धित क्षेत्रका क्षेत्रीय प्रशासक (राजपत्रांकित विशिष्ट श्रेणी) लाई प्रत्यायोजन गर्ने ।

## आयोगमा/आयोगबाट कर्मचारीहरुको सरुवा/काज/पदस्थापना/अवकाश तथा राजिनामा सम्बन्धी विवरण

### (क) अन्य निकायबाट आयोग वा अन्तर्गत सरुवा तथा पदस्थापना

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | सरुवा गर्ने निकाय | पदस्थापना गरिएको निकाय | सरुवा निर्णय मिति | पदस्थापना भएको मिति |
|---|---|---|---|---|---|---|
| १ | सहसचिव | श्री विनोदबहादुर कुँवर | सामान्य प्रशासन मन्त्रालय | पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा | २०७३/०५/१४ | २०७३/०७/२५ |
| २ | उपसचिव | श्री एकनारायण शर्मा | सामान्य प्रशासन मन्त्रालय | कर्णाली अञ्चल कार्यालय, जुम्ला | २०७३/०८/०६ | २०७३/०८/१२ |
| ३ | कम्प्युटर निर्देशक | श्री रमेश शर्मा पौडेल | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०७/०२ | २०७३/०८/१२ |
| ४ | शाखा अधिकृत | श्री लुम्बनाथ पोखरेल | सामान्य प्रशासन मन्त्रालय | सुदुरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायल | २०७३/०७/२३ | २०७३/०८/१२ |
| ५ | शाखा अधिकृत | श्री ओमकुमार श्रेष्ठ | सामान्य प्रशासन मन्त्रालय | कर्णाली अञ्चल कार्यालय, जुम्ला | २०७३/०९/०६ | २०७३/०९/१७ |
| ६ | समाजशास्त्री | श्री भीमप्रसाद सुवेदी | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०८/२२ | २०७३/०९/२२ |
| ७ | मनोविज्ञानवेत्ता | श्री सृजना तन्डुकार | शिक्षा मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०८/१० | २०७३/०८/१९ |
| ८ | कम्प्युटर इन्जिनियर | श्री निशु महतो | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०९/०४ | २०७३/०९/१७ |
| ९ | नायव सुब्बा | श्री सुशिल ढकाल | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०६/१० | २०७३/०७/०३ |
| १० | नायव सुब्बा | श्री गोपाल कार्की | सामान्य प्रशासन मन्त्रालय | पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा | २०७३/०६/१० | २०७३/०७/०३ |
| ११ | नायव सुब्बा | श्री लक्ष्मीप्रसाद पोखरेल | सामान्य प्रशासन मन्त्रालय | पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा | २०७३/०७/०३ | २०७३/०७/०९ |
| १२ | नायव सुब्बा | श्री मानवी भट्टराई | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०७/११ | २०७३/०८/१२ |
| १३ | नायव सुब्बा | श्री शिवराम घिमिरे | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०७/१२ | २०७३/०८/१२ |
| १४ | नायव सुब्बा | श्री विष्णुप्रसाद पन्थी | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७३/०७/१२ | २०७३/०८/१२ |

### (ख) आयोगबाट आयोग अन्तर्गत सरुवा तथा पदस्थापना

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | साविक कार्यरत निकाय | सरुवा गरिएको निकाय | सरुवा निर्णय मिति |
|---|---|---|---|---|---|
| १ | निर्देशक | श्री सूर्यनाथ कोइराला | केन्द्रीय कार्यालय, अनामनगर | सगरमाथा अञ्चल कार्यालय, दिक्तेल | २०७३/०९/२७ |

**भौतिक कार्य सम्बन्धी प्रगति विवरण**

- मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेतको भवन निर्माण कार्य सम्पन्न भएको ।
- सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायलको भवन निर्माण कार्य अन्तिम चरणमा रहेको ।
- पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा, पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा र धवलागिरी अञ्चल कार्यालय, बाग्लुङमा भवन निर्माण कार्य सुचारु रहेको ।
- लुम्बिनी अञ्चल कार्यालय, बुटबलमा भवन निर्माण कार्य प्रारम्भ भएको ।

**विविध**

- मिति २०७३/८/८ मा राष्ट्रिय योजना आयोगको सचिवालयबाट माग भए बमोजिम आयोगको प्रथम चौमासिक प्रगती विवरण तयार गरी पठाइएको ।
- मिति २०७३/९/२५ मा राष्ट्रिय योजना आयोगको सचिवालयमा मासिक प्रगती विवरण तयार गरी पठाइएको ।

१. **आर्थिक वर्ष २०७३/७४ को दोस्रो त्रैमासिक अवधिको कार्यसम्पादन स्थिति** (**२०७३ कार्तिकदेखि पौष मसान्तसम्म**)

**निजामती सेवा, स्वास्थ्य सेवा तथा व्यवस्थापिका संसद सेवातर्फ विज्ञापन, दरखास्त संकलन, लिखित परीक्षा सञ्चालन, लिखित परीक्षाको नतिजा प्रकाशन, अन्तर्वार्ता एवं सिफारिश सम्बन्धी विवरण।**

| श्रेणी | विज्ञापित पद संख्या | | संकलन भएका दरखास्त संख्या | | लिखित परीक्षामा सम्मिलित परीक्षार्थी संख्या | | | अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवार संख्या | | | सिफारिश भएका उम्मेदवार संख्या | | | बैकल्पिक सिफारिश भएका उम्मेदवार संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अप्रा. | प्रा. | अप्रा. | प्रा. | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| राजपत्रांकित प्रथम | ० | ० | ८०७ | २२०७ | १४२ | १३२१ | १४६३ | ० | ४ | ४ | ० | १ | १ | ० | ० | ० |
| राजपत्रांकित द्वितीय | ० | ० | १२५७ | ३९९३ | १७९ | ७८६ | ९६५ | ११ | १० | २१ | ९ | ४५ | ५४ | ० | ० | ० |
| राजपत्रांकित तृतीय | ६८३ | ८०७ | २४८४७ | २५३५९ | ० | ० | ० | ३२१ | २२९ | ५५० | १४१ | ३१८ | ४५९ | ० | ० | ० |
| राजपत्र अनंकित प्रथम | ११२८ | ० | ० | ० | ० | ० | ० | २०९६ | ३८१५ | ५९११ | १३४७ | २६२३ | ३९७० | ० | ९ | ९ |
| राजपत्र अनंकित द्वितीय | ० | ० | ० | ० | ० | ० | ० | ८६ | ५३६ | ६२२ | ४७ | ३०० | ३४७ | ८ | २३ | ३१ |
| **जम्मा** | १,८११ | ८०७ | २६९११ | ३१,५५९ | ३२१ | २१०७ | २४२८ | २५१४ | ४५९४ | ७१०८ | १५४४ | ३२८७ | ४८३१ | ८ | ३२ | ४० |

२. **विभागीय सजायको परामर्श सम्बन्धी विवरण**

| श्रेणी | विभागीय सजायको लागि परामर्श पठाइएको संख्या |
|---|---|
| राजपत्रांकित प्रथम | १ |
| राजपत्रांकित द्वितीय | ५ |
| राजपत्रांकित तृतीय | १० |
| राजपत्र अनंकित प्रथम | ४ |
| राजपत्र अनंकित द्वितीय | १ |
| श्रेणी विहीन | १ |
| **जम्मा** | २२ |

३. **कूल बजेट खर्च रकम**

| क्र.सं. | खर्च शीर्षक | रकम (रु) |
|---|---|---|
| १ | विविध | ५,६४,४०,०००.०० |
| २ | अन्य प्रशासनिक खर्च | २,१६,५७,०००.०० |
| ३ | संस्थागत सुदृढीकरण<br>चालु खर्च ६,१९,७७६.००<br>पूँजीगत खर्च १७,९८,०००.०० | २४,१७,७७६.०० |
| | **जम्मा** | ८,०५,१४,७७६.०० |

# अन्तर्वार्ता

## नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूह, विद्यालय निरीक्षण उपसमूह, राजपत्रांकित तृतीय श्रेणी, विद्यालय निरीक्षक पदको प्रतिस्पर्धात्मक परीक्षामा खुलातर्फ प्रथम स्थानमा सिफारिश हुनभएका उम्मेदवार श्री सुधीनराज बुढाथोकीसँग लिइएको अन्तर्वार्ता



**१. विद्यालय निरीक्षक पदको प्रतिस्पर्धाबाट छनौट भई कार्यभार समेत सम्हाल्नु भएकोमा बधाई छ। निजामती सेवामा प्रवेश गर्न कसरी प्रेरित हुनुभयो ?**

☞ धन्यवाद ! निजामती सेवा देशको शासन सञ्चालनको अभिन्न अङ्ग हो । जसलाई स्थायी सरकारको रुपमा समेत चिनिन्छ । सरकारको सेवा प्रवाहमा प्रत्यक्ष रुपमा जोडिएर जनतालाई सेवा गर्ने अवसर निजामती सेवामा प्रवेश गरेर मात्र पाउन सकिन्छ । मेरो पनि सो सेवामा प्रवेश गरेर जनताको सेवा गर्ने लक्ष्य रहेको हुँदा यस सेवा प्रति आकर्षण बढेको हो । संवैधानिक अङ्गको रुपमा रहेको लोक सेवा आयोगले योग्यता प्रणालीलाई कदर गरी निजामती सेवाको पदमा नियुक्तिको लागि उपयुक्त उम्मेदवार छनौट गर्न सञ्चालन गर्ने निष्पक्ष, पारदर्शी र वस्तुनिष्ठ परिक्षाबाट प्रेरित भएर निजामती सेवामा प्रवेश गरी आफ्नो लक्ष्य प्राप्त गर्न सफल भए ।

**२. "निजामती सेवा आलोचित र अत्यावश्यक दुवै छ" यस सम्बन्धमा तपाई के भन्नुहुन्छ ? निजामती सेवाको सुधारका लागि केही सुझाव छन् कि ?**

☞ निजामती सेवामा आवद्ध कर्मचारीहरुले सरकारी सेवा प्रवाहमा जनउत्तरदायी र जवाफदेही हुन नसक्दा यो सेवा आलोचित छ भने स्थायी सरकारको रुपमा रहेको निजामती सेवाबाट नै सरकारका अति आवश्यकीय सेवा प्रवाह हुने भएकोले यो सेवा अत्यावश्यक समेत रहेको छ ।

**निजामती सेवामा सुधारका लागि निम्नानुसारका सुझावहरु छन् :**

- निजामती सेवामा भर्ना प्रकृया जस्तै पदस्थापना, सरुवा, बढुवा आदिलाई पनि निष्पक्ष, पारदर्शी र वस्तुनिष्ठ बनाउनुपर्छ ।
- निजामती सेवामा आवद्ध कर्मचारीहरु दलगत रुपमा राजनैतिक रुपमा तटस्थ रहनुपर्छ ।
- निजामती सेवामा समावेशीकरण र योग्यता प्रणाली बिच उपयुक्त तादात्म्यता कायम गर्नुपर्छ ।
- निजामती कर्मचारीहरुले आफ्नो सोचाइमा परिवर्तन गरी जनउत्तरदायी र जवाफदेही भएर सेवा प्रवाह गर्नुपर्छ ।
- निजामती सेवाका प्रकारहरु, संगठन संरचना, पदसोपान, कार्यप्रक्रिया आदिलाई आधुनिक समय अनुसार व्यवस्थित गर्नुपर्छ ।

**३. विद्यालय निरीक्षक पदको पाठ्यक्रममा सुधारको आवश्यकता देख्नुहुन्छ ?**

☞ विगत लामो समय देखि विद्यालय निरिक्षक पदको पाठ्यक्रममा सुधार नभएको सन्दर्भमा सूचना तथा संचार प्रविधि, सकारात्मक सोचाइ, द्वन्द व्यवस्थापन, नेतृत्व विकास सम्बन्धी विषयवस्तु समेत थप गरी पाठ्यक्रममा सुधार गर्नुपर्ने आवश्यकता देखिन्छ ।

**४. निजामती कर्मचारीहरुलाई संघीय संरचना अनुसार पदस्थापना गर्दा के-कस्ता विषयहरुमा ध्यान पुऱ्याउनु पर्ने हुन्छ ?**

☞ निजामती कर्मचारी आवद्ध सेवाको प्रकार, पदसोपान, स्थायी बसोवास, जेष्ठता, समावेसिता आदि विषयमा ध्यान दिई संघीय संरचना अनुसार पदस्थापना गर्नुपर्छ । कर्मचारीको पदस्थापना गर्दा संघ, प्रदेश र स्थानीय तहमा काम गर्ने कर्मचारीले पाउने तलबभत्ता लगायत सेवा सुविधा भने समान हुनुपर्छ ।

**५. लोक सेवा आयोगले अनलाइन प्रणाली मार्फत मात्र दरखास्त संकलन गर्ने व्यवस्था गरेको छ। यस प्रणालीमा देखापरेका समस्याहरु र तीनका लागि के कस्ता सुधारका उपायहरु देख्नु भएको छ ?**

☞ अनलाईन प्रणाली मार्फत दरखास्त संकलनको व्यवस्था गरेर लोक सेवा आयोगले सेवा प्रवाहलाई छिटो, छरितो र जनमैत्री बनाएको छ ।

**यस प्रणालीमा देखा परेका समस्याहरु :**

- सबै स्थानमा इन्टरनेटको सुगम पहुँच नहुनु ।
- दरखास्त दस्तुर बुझाउन लोक सेवा आयोग वा आयोगले तोकेको आयोग अन्तर्गतका अन्य कार्यालय वा हुलाक कार्यालयहरु जानुपर्ने ।
- दरखास्त फाराम स्वीकृत हुन ढिलो र फाराम स्वीकृत हुने बित्तिकै प्रवेश पत्र उपलब्ध नहुनु ।

**सुधारका उपायहरु :**

- दुर्गम क्षेत्रका हकमा जिल्लास्थित हुलाक कार्यालय मार्फत अनलाईन फर्म भराउने व्यवस्था गर्नुपर्ने ।
- दरखास्त दस्तुर बैंक भौचर मार्फत जम्मा गरी सो भौचर अपलोड गर्ने व्यवस्था गर्नुपर्ने ।
- दरखास्त फाराम स्वीकृत छिटो गर्ने र स्वीकृत हुने वित्तिकै प्रवेश पत्र उपलब्ध हुने व्यवस्था गर्नुपर्ने ।

**६. लोक सेवा आयोगप्रतिको जन विश्वासलाई अझ बृद्धि गर्न के गर्नुपर्ला ?**

☞ लोक सेवा आयोगको संगठन संरचनालाई आधुनिक समय अनुसार व्यवस्थित गर्नुपर्छ। लोक सेवा आयोगबाट लिइने परीक्षाका पाठ्क्रमहरु समय अनुसार परिमार्जन गरी समसामयिक बनाउनुपर्छ। भर्नाका क्रममा कर्मचारीको मनोवृत्ति समेत जाँच्ने परीक्षाको विकास गरी योग्य र सक्षम मात्र होइन सकारात्मक सोच समेत भएका व्यक्ति छनोट गर्न सकिएमा सेवा प्रवाहमा सुधार आई लोक सेवा आयोगप्रतिको जनविश्वास अझ बृद्धि गर्न सकिन्छ ।

## नेपाल कृषि सेवा, खाद्य पोषण तथा गुण नियन्त्रण समूह, राजपत्रांकित तृतीय श्रेणी, खाद्य अनुसन्धान अधिकृत पदको खुलातर्फ प्रतिस्पर्धात्मक परीक्षामा प्रथम स्थानमा सिफारिश हुनुभएका उम्मेदवार श्री प्रतिमा श्रेष्ठसँग लिइएको अन्तर्वार्ता



**१. खाद्य अनुसन्धान अधिकृत पदको प्रतिस्पर्धाबाट छनौट भई कार्यभार समेत सम्हाल्नु भएकोमा बधाई छ। निजामती सेवामा प्रवेश गर्न कसरी प्रेरित हुनुभयो ?**

☞ धन्यवाद ! निजामती सेवामा २०७१/०६/१० गतेबाट नेपाल कृषि सेवा, खाद्य पोषण तथा गुण नियन्त्रण समूह, राजपत्र अनंकित प्रथम श्रेणीको प्राविधिक सहायक पदबाट सेवा प्रवेश गरेको थिए । त्यस समयमा म खाद्य प्रविधि विषयमा स्नातकोत्तर तहको दोस्रो वर्षमा अध्ययनरत थिए। क्याम्पसमा सबै साथीहरूले परीक्षा दिन लागेको थाहा पाएर प्रयास गर्ने क्रममा सफल भएको थिए। सेवामै कार्यरत रहिरहँदा माथिल्लो पदको परीक्षा दिने क्रममा खाद्य अनुसन्धान अधिकृत पदमा सिफारिश भई नियुक्ति पाए।

**२. "निजामती सेवा आलोचित र अत्यावश्यक दुवै छ" यस सम्बन्धमा तपाई के भन्नुहुन्छ ? निजामती सेवाको सुधारका लागि केही सुझाव छन् कि ?**

☞ निजामती सेवा राज्य संचालनका लागि अत्यावश्यक रहेको मानव संयन्त्र हुँदाहुदै यो सेवा आलोचित पनि रहेको पाइएको छ । इमान्दारिता, निष्ठाभावको कमी आदि जस्ता कारणले यो सेवा आलोचनाको सिकार बन्न पुगेको छ भने निजामती सेवातर्फ ईंगित गरिएका आलोचनात्मक पक्षहरुतर्फ सुधारका आवश्यक कदमहरु चाल्न सकेमा यस सेवा प्रति जनविश्वास बृद्धि गर्न सकिन्छ।

**३. खाद्य अनुसन्धान अधिकृत पदको पाठ्यक्रममा सुधारको आवश्यकता देख्नुहुन्छ ?**

☞ खाद्य अनुसन्धान अधिकृत पदको पाठ्यक्रममा समयसंगै प्राविधिक क्षेत्रमा भएको परिर्वतनलाई समेत समेटने गरी सूचना प्रविधि सँग सम्बिन्धित विषय वस्तुलाई समावेश गर्नुपर्ने देखिन्छ।

**४. निजामती कर्मचारीहरुलाई संघीय संरचना अनुसार पदस्थापना गर्दा के-कस्ता विषयहरुमा ध्यान पुऱ्याउनुपर्ने हुन्छ ?**

☞ संघीय संरचना अनुसार कर्मचारीहरुको स्थायी बसोबास र रोजाईको प्राथमिकता क्रमका आधारमा संघीय, प्रादेशिक र स्थानिय तहका कार्यालयहरुमा पदस्थापना गर्दा न्यायोचित हुने देखिन्छ।

**५. लोक सेवा आयोगले अनलाइन प्रणाली मार्फत मात्र दरखास्त संकलन गर्ने व्यवस्था गरेको छ। यस प्रणालीमा देखापरेका समस्याहरु र तीनका लागि के कस्ता सुधारका उपायहरु देख्नु भएको छ ?**

☞ अनलाइन प्रणाली मार्फत दरखास्त संकलन गर्दा सर्भर व्यस्त रहने समस्या दोहोरी रहदा दरखास्त भर्न समस्या सिर्जना हुने गरेको छ। यसतर्फ समयमै आवश्यक सुधार गरी सहज रुपमा दरखास्त भर्न सकिने व्यवस्था गर्नुपर्ने हुन्छ भने अनलाइन प्रणालीलाई अझ प्रभावकारी बनाउन अनलाइन भुक्तानी अथवा बैंकिग डिपोजिट गर्ने प्रावधान कार्यान्वयन गर्न उपयुक्त हुने देखिन्छ।

**६. लोक सेवा आयोग प्रतिको जनविश्वासलाई अझ बृद्धि गर्न के गर्नुपर्ला ?**

☞ लोक सेवा आयोगले सरकारी सेवामा प्रवेश गर्न अग्रसर रहने शिक्षित वर्ग र यससँग सम्बद्ध एवं सरोकार राख्ने सबै वर्गहरुको विश्वास जित्न सफल भएको छ। आयोगले आफ्नो काम कारवाहीलाई प्रविधिमैत्री र पारदर्शी बनाउँदै लैजानु पर्ने हुन्छ । सेवा प्रवाह र कार्य सम्पादन छिटो छरितो रुपमा आयोगले तोकेको कार्यतालिकाको समयावधी भित्रै सम्पादन गर्नुपर्ने हुन्छ। हाले आयोगले कार्यान्वयनमा ल्याएको प्राप्ताङ्क हेर्न पाउने व्यवस्थातर्फ अन्तर्वार्तामा सम्मिलित उम्मेदवारले प्राप्त गरेको कुल प्राप्ताङ्क पनि नतिजा प्रकाशन भएकै दिन सिफारिश भएका र नभएका उमेदवारहरुको नतिजा प्रकाशनसँगै प्राप्ताङ्क समेत उल्लेख गर्ने जस्ता कार्यहरु गर्न सकेमा जनविश्वास बढाउन सक्ने देखिन्छ।

सूचनामूलक लेख

## आयोगको सूचना तथा प्रकाशन शाखाका उपसचिव श्री गीताकुमारी होमेगाई र शाखा अधिकृत श्री नारायण प्रसाद पोखरेलले लोक सेवा आयोगको काम सम्बन्धी समसामयिक विषयमा सरोकारवालाहरुबाट बारम्बार सोधिने प्रश्नहरुको सम्बन्धमा तयार पार्नुभएको जानकारीमूलक विषयवस्तु

१) **आयोगबाट पदपूर्ति हुने निजामती सेवा, व्यवस्थापिका संसद सेवा, नेपाल स्वास्थ्य सेवा तथा सुरक्षा निकाय (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, राष्ट्रिय अनुसन्धान विभाग) तथा संगठित संस्थाहरुको पदपूर्तिका क्रममा आवश्यक शैक्षिक योग्यताको उल्लेख कहाँ गरिएको हुन्छ ?**

निजामती सेवा, नेपाल स्वास्थ्य सेवा, व्यवस्थापिका संसद सेवा, सुरक्षा निकाय (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, राष्ट्रिय अनुसन्धान विभाग) र संगठित संस्थाहरु अन्तर्गत रहने विभिन्न सेवा, समूह, उपसमूह तथा पदका लागि शैक्षिक योग्यता सम्बन्धित ऐन, नियमावलीहरुमा व्यवस्था गरिएको पाइन्छ। केही सेवाहरुमा यस्ता सेवा, समूह तथा श्रेणी विभाजन र नियुक्ति नियमहरुको समेत व्यवस्था गरिएको छ। यी नियमहरुमा सम्बन्धित सेवा, समूह, उपसमूह तथा पदहरुको वर्गीकरण तथा तिनका लागि आवश्यक शैक्षिक योग्यता पनि निर्धारण गरिएका हुन्छन्। यी विभिन्न पदहरुका सम्बन्धमा भएका शैक्षिक योग्यता सम्बन्धी व्यवस्थाहरु देहाय बमोजिम रहेको पाइन्छ।

**(क) निजामती सेवा**

लोक सेवा आयोग ऐन, २०६६ को परिच्छेद-३, शैक्षिक योग्यता निर्धारण, पाठ्यक्रम तथा अन्य व्यवस्था अन्तर्गत दफा २२ मा शैक्षिक योग्यताको निर्धारण सम्बन्धी व्यवस्था गरिएको छ। जसमा निजामती सेवाको खुला प्रतियोगिताबाट पूर्ति गरिने कुनै पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता सम्बन्धित सेवा, समूह तथा उपसमूह सम्बन्धी प्रचलित कानूनमा निर्धारण भए बमोजिम हुनेछ भन्ने उल्लेख छ। यसरी शैक्षिक योग्यता निर्धारण गर्नु अघि सेवा, समूह तथा उपसमूह सञ्चालन गर्ने मन्त्रालय, सचिवालय वा निकायले आयोगको परामर्श लिनुपर्ने व्यवस्था गरिएको छ।

अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उम्मेदवारले कुनै विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यता निजामती सेवाको कुनै पदको लागि निर्धारण गरिएको शैक्षिक योग्यता सरह छ/छैन भन्ने सम्बन्धमा आवश्यकता अनुसार आयोगले निर्णय गरे बमोजिम हुनेछ भन्ने समेत उल्लेख छ।

निजामती सेवा ऐन, २०४९ को दफा ६ को उपदफा (५) मा निजामती सेवाका समूह तथा उपसमूहहरुमा रहने विभिन्न पदहरुमा लागि चाहिने न्यूनतम योग्यता तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा १६ मा राजपत्राङ्कित प्रथम तथा द्वितीय श्रेणीको खुला प्रतियोगिताद्वारा पूर्ति गरिने पदको लागि चाहिने न्यूनतम योग्यता सम्बन्धमा उल्लेख गरिएको छ भने निजामती सेवा नियमावली, २०५० को नियम १५ मा निजामती सेवाका समूह तथा उपसमूहहरुमा रहने विभिन्न पदहरुको लागि चाहिने न्यूनतम योग्यता सम्बन्धित सेवा, समूह सम्बन्धी नियमहरुमा उल्लेख भए बमोजिम हुने व्यवस्था छ।

**(ख) नेपाल स्वास्थ्य सेवा**

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा (७) को उपदफा (२) मा स्वास्थ्य सेवाका समूह तथा उपसमूहहरुमा रहने विभिन्न तहका पदहरुको लागि चाहिने न्यूनतम योग्यता तोकिए बमोजिम हुने व्यवस्था छ भने नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ मा स्वास्थ्य सेवाका पदहरुमा खुला प्रतियोगिता तथा बढुवाद्वारा पूर्ति गरिने पदको लागि आवश्यक न्यूनतम योग्यता उल्लेख गरिएको छ।

**(ग) व्यवस्थापिका संसद सेवा**

व्यवस्थापिका संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को परिच्छेद ४ दफा १७ को उपदफा (१३) मा राजपत्राङ्कित प्रथम र द्वितीय श्रेणीका पदहरुका लागि आवश्यक शैक्षिक योग्यताको विषयमा उल्लेख गरिएको छ। व्यवस्थापिका संसद सचिवालय, कर्मचारी प्रशासन नियमावली, २०६५ मा व्यवस्थापिका संसद सेवाका राजपत्राङ्कित र राजपत्र अनङ्कित श्रेणीका विभिन्न समूह र श्रेणीका पदनाम अनुसार शैक्षिक योग्यताको व्यवस्था गरिएको छ।

**(घ) सुरक्षा निकाय तथा संगठित संस्थाका सेवा**

सुरक्षा निकाय तथा संगठित संस्थातर्फका सम्बन्धित ऐन, नियमावली र विनियमावलीहरुमा त्यस्ता निकायका पदहरुको लागि आवश्यक शैक्षिक योग्यता उल्लेख गरिएको पाइन्छ। कतिपय संगठित संस्थाहरुका ऐन, नियमावलीहरुमा निर्धारित तह तथा पदहरुका लागि शैक्षिक योग्यता निर्धारण गर्ने अधिकार सम्बन्धित निकायको सञ्चालक समितिलाई समेत दिएको देखिन्छ।

२) **निजामती सेवामा विभिन्न सेवा, समूह, उपसमूहहरुको (गठन समूह तथा श्रेणी विभाजन र नियुक्ति नियमहरु) सम्बन्धमा के कस्तो व्यवस्था रहेको छ ?**

निजामतीतर्फ दश वटा सेवाहरु रहेका छन्। यी सेवाहरुको गठन, सञ्चालन तथा श्रेणी विभाजन र नियुक्ति सम्बन्धमा नियमहरुको व्यवस्था गरिएका छन्। उक्त नियमहरुमा निजामती सेवा अन्तर्गत रहने समूह, उपसमूह, पदनाम लगायतका विषयहरु यस्ता सेवा, समूह, उपसमूह सञ्चालन, प्रशासनका लागि आधिकारिक निकायको व्यवस्था, सम्बन्धित पदहरुको शैक्षिक योग्यता आदि बारेमा स्पष्ट गरिएको हुन्छ। निजामतीतर्फका दशवटा सेवाहरु सञ्चालनका लागि भएका नियमहरुको व्यवस्था देहाय अनुसार रहेका छन् :-

१. नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५०
२. नेपाल इन्जिनियरिङ्ग सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५१

३. नेपाल कृषि सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५०
४. नेपाल न्याय सेवा (गठन, समूह तथा श्रेणी विभाजन, नियुक्ति सरुवा र बढुवा) नियमहरु, २०५१
५. महालेखा परीक्षकको विभागका कर्मचारीहरु सम्बन्धी नियमावली, २०५०
६. नेपाल परराष्ट्र सेवा सम्बन्धी नियमहरु, २०६८
७. नेपाल प्रशासन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५०
८. नेपाल वन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५०
९. नेपाल विविध सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५०
१०. नेपाल शिक्षा सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५०

नेपाल स्वास्थ्य सेवा, व्यवस्थापिका संसद सेवातर्फ भने यस्ता विषयहरु तत्तत् सेवा, समूह, उपसमूह सञ्चालन सम्बन्धी ऐन र नियमावली (नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नियमावली, २०५५ एवं व्यवस्थापिका संसद सचिवालय सम्बन्धी ऐन, २०६४ तथा व्यवस्थापिका संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५) मा उल्लेख गरिएको छ।

३. **निजामती सेवा, व्यवस्थापिका संसद सेवा तथा नेपाल स्वास्थ्य सेवा र तिनका समूह, उपसमूह सञ्चालन र प्रशासन गर्ने निकायहरु कुन–कुन हुन् ?**

निजामती सेवामा रहने विभिन्न श्रेणीहरु अन्तर्गतका सेवाहरु सञ्चालन गर्नको लागि तत्तत् सेवा अन्तर्गत विभिन्न समूह, उपसमूह र पदहरु रहने र नेपाल सरकार कार्यविभाजन नियमावली अनुसार त्यस्ता पदले गर्ने कार्यहरुका आधारमा सेवा, समूह, उपसमूहको सञ्चालन तथा प्रशासनका लागि छुट्टाछुट्टै मन्त्रालयहरुलाई तोकिएको पाइन्छ। मन्त्रालयहरुले गर्नु पर्ने कामको प्रकृति, ती काम सञ्चालन गर्न आवश्यक पर्ने जनशक्तिको योग्यता निर्धारण र वृत्ति विकास पथ सुनिश्चित गराउने जस्ता कामको लागि सेवा सञ्चालन गर्ने र सो सेवा, समूह, उपसमूह अन्तर्गतका पदहरुको रिक्त पदपूर्तिका लागि माग गर्ने, नियुक्ति, पदस्थापना, सरुवा लगायतका कर्मचारी अभिलेख व्यवस्थापन र प्रशासनिक कार्यहरु पनि यिनै निकायले गर्ने गरेको पाइन्छ। नेपाल सरकार कार्य विभाजन नियमावली, २०७२ मा उल्लेख भए बमोजिम निजामती सेवा अन्तर्गतका सेवा सञ्चालन गर्ने मन्त्रालयहरु देहाय बमोजिम रहेको देखिन्छ :-

| क्र.सं. | मन्त्रालय/निकाय | सञ्चालन र प्रशासन गर्ने सेवा, समूह, उपसमूह |
|---|---|---|
| १ | अर्थ | नेपाल लेखापरीक्षण सेवा |
| २ | उद्योग | नेपाल इञ्जिनियरिङ्ग सेवा अन्तर्गतका माइनिङ, केमिकल इञ्जिनियरिङ्ग, मेटालर्जिकल, मेट्रोलोजी, केमेष्ट्री, जियोलोजी समूह |
| ३ | उर्जा | नेपाल इञ्जिनियरिङ्ग सेवा अन्तर्गतका देहायका समूह/उपसमूह<br>• इलेक्ट्रिकल इञ्जिनियरिङ्ग समूह<br>• मेकानिकल इञ्जिनियरिङ्ग समूह<br>• सिभिल इञ्जिनियरिङ्ग समूहको हाइड्रोपावर उपसमूह |
| ४ | कानून, न्याय तथा संसदीय मामिला | • नेपाल न्याय सेवा अन्तर्गतका सबै समूहहरु<br>• व्यवस्थापिका संसद, व्यवस्थापिका संसद सचिवालय तथा सो सेवाका कर्मचारीहरुको सेवा |
| ५ | कृषि विकास | नेपाल कृषि सेवा अन्तर्गतका सबै समूह/उपसमूह |
| ६ | परराष्ट्र | नेपाल परराष्ट्र सेवा |
| ७ | भूमिसुधार तथा व्यवस्था | नेपाल इञ्जिनियरिङ्ग सेवाको सर्भे समूह |
| ८ | भौतिक पूर्वाधार तथा यातायात व्यवस्था | नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल इञ्जिनियरिङ्ग समूहको हाइवे र रेल उपसमूह |
| ९ | वन तथा भू संरक्षण | नेपाल वन सेवा अन्तर्गतका सबै समूह, उपसमूह |
| १० | शिक्षा | नेपाल शिक्षा सेवा (आर्कियोलोजी समूह बाहेक) सबै समूह, उपसमूह |
| ११ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | • नेपाल शिक्षा सेवा अन्तर्गत आर्कियोलोजी समूह<br>• नेपाल इञ्जिनियरिङ्ग सेवा अन्तर्गत देहायका उपसमूह<br>– सिभिल इञ्जिनियरिङ्ग समूह अन्तर्गत एयरपोर्ट उपसमूह<br>– एरोनटिकल इञ्जिनियरिङ्ग समूह<br>– सिभिल एभिएसन अपरेसन एण्ड इञ्जिनियरिङ्ग समूह अन्तर्गतका सबै उपसमूह |
| १२ | संघीय मामिला तथा स्थानीय विकास | नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल इञ्जिनियरिङ्ग समूहको जनरल उपसमूह |
| १३ | शहरी विकास | नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूहको बिल्डिङ एण्ड आर्किटेक्ट |
| १४ | सामान्य प्रशासन | नेपाल प्रशासन सेवा<br>नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा<br>नेपाल विविध सेवा |
| १५ | सिँचाइ | नेपाल इञ्जिनियरिङ्ग सेवा अन्तर्गत देहायका समूह, उपसमूह<br>• सिभिल इञ्जिनियरिङ्ग समूहको इरिगेशन र हाइड्रोलोजी उपसमूह<br>• मेटेरियोलोजी समूह<br>• एगृ इरिगेशन इञ्जिनियरिङ्ग |
| १६ | सूचना तथा सञ्चार | नेपाल इञ्जिनियरिङ्ग सेवाको इलेक्ट्रोनिक्स एण्ड टेलिकम्युनिकेशन इञ्जिनियरिङ्ग समूह |
| १७ | स्वास्थ्य | नेपाल स्वास्थ्य सेवा अन्तर्गतका सबै समूह, उपसमूह |
| १८ | खानेपानी तथा सरसफाइ | नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल इञ्जिनियरिङ्ग समूहको स्यानिटरी उपसमूह |
| १९ | पशु विकास मन्त्रालय | नेपाल कृषि सेवाका सम्बन्धित समूहको सञ्चालन (भेटेरिनरी र लाइभस्टक, पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट समूह) |

माथि उल्लेखित सेवाहरुको हकमा नेपाल प्रशासन सेवा, नेपाल वन सेवा, नेपाल शिक्षा सेवा, नेपाल कृषि सेवाका (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) सम्बन्धी नियमहरुमा सेवा, समूह तथा उपसमूहको सञ्चालन र प्रशासन सम्बन्धमा नीतिगत कुराहरुमा सामान्य प्रशासन मन्त्रालयसँग समन्वय राखी गर्ने भन्ने उल्लेख गरिएको छ।

४) **लोक सेवा आयोगबाट रिक्त पदपूर्तिका क्रममा लिइने विभिन्न विज्ञापनमा दरखास्त लिँदा बुझाउनुपर्ने दस्तुर सम्बन्धमा कस्तो व्यवस्था गरिएको छ ?**

आयोगबाट विभिन्न कामको सिलसिलामा लिइने दस्तुर, शुल्क आदिलाई निम्न बमोजिम कायम गर्ने व्यवस्था गरिएको छ।

**दरखास्त दस्तुर तथा शुल्क विवरण (बढुवाको लागि समेत)**

| क्र.सं. | तह/श्रेणी | दस्तुर (रु.) |
|---|---|---|
| १. | राजपत्राङ्कित प्रथम श्रेणी/एघारौं र बाह्रौं तह | १५००/०० |
| २. | राजपत्राङ्कित द्वितीय श्रेणी/नवौं र दशौं तह | १२००/०० |
| ३. | राजपत्राङ्कित तृतीय श्रेणी/छैठौं, सातौं र आठौं तह | १०००/०० |
| ४. | राजपत्र अनङ्कित प्रथम श्रेणी/पाँचौं तह | ४००/०० |
| ५. | राजपत्र अनङ्कित द्वितीय श्रेणी/चौथो तह/टाइपिष्ट | ३००/०० |
| ६. | राजपत्र अनङ्कित तृतीय श्रेणी/तृतीय तह | २००/०० |
| ७. | राजपत्र अनङ्कित चतुर्थ श्रेणी | १५०/०० |
| ८. | सवारी चालक | २००/०० |
| ९. | कार्यालय सहयोगी | १००/०० |

**समान श्रेणी/तहको विभिन्न पदको संयुक्त परीक्षा हुने गरी विज्ञापन भएकोमा प्रति थप समूह/पत्रको लागि निम्न बमोजिमको परीक्षा दस्तुर तोकिएको छ :**

| क्र.सं. | तह/श्रेणी | दस्तुर (रु.) |
|---|---|---|
| १. | राजपत्राङ्कित प्रथम श्रेणी/एघारौं र बाह्रौं तह | ६००/०० |
| २. | राजपत्राङ्कित द्वितीय श्रेणी/नवौं र दशौं तह | ५००/०० |
| ३. | राजपत्राङ्कित तृतीय श्रेणी/छैठौं, सातौं र आठौं तह | ४००/०० |
| ४. | राजपत्र अनङ्कित प्रथम श्रेणी/पाँचौं तह | २००/०० |
| ५. | राजपत्र अनङ्कित द्वितीय श्रेणी/चौथो तह | १५०/०० |
| ६. | राजपत्र अनङ्कित तृतीय श्रेणी/तृतीय तह | १००/०० |
| ७. | श्रेणीविहीन | १००/०० |

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिमको सार्वजनिक निकायहरुले गर्नुपर्ने अग्रसक्रिय खुलासा (Proactive Disclosure) सम्बन्धी सार्वजनिक गरिएको विवरण :**

| क्र.सं. | विवरण | व्यवस्था |
|---|---|---|
| १. | निकायको स्वरुप र प्रकृति | संवैधानिक निकाय |
| २. | निकायको काम, कर्तव्य र अधिकार | नेपालको संविधानको धारा २४३ मा व्यवस्था भए बमोजिम । |
| ३. | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण | विभिन्न पदका ४०२ जना (राजपत्रांकित श्रेणीतर्फ १३८, राजपत्र अनंकित श्रेणीतर्फ १७९ र श्रेणी विहीनतर्फ (८४), (कार्य विवरण धेरै पदको रहेकोले कार्यालयमा सम्पर्क गरी हेर्न सकिनेछ ।) |
| ४. | निकायबाट प्रदान गरिने सेवा | माग तथा पदपूर्ति निरीक्षण, माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन/सूचना प्रकाशन, परीक्षा सञ्चालन, अन्तर्वार्ता, छनौट तथा सिफारिश, संविधान तथा ऐन, नियममा उल्लेखित विषयहरु (नियुक्ति, बढुवा, विभागीय कारवाही, सामान्य सिद्धान्त, सेवा शर्त) मा परामर्श माग भई आएमा परामर्श प्रदान, बढुवा, उजुरी उपर टुंगो लगाउने आदि । |
| ५. | सेवा प्रदान गर्ने निकायको महाशाखा/शाखा र जिम्मेवार अधिकारी | (तलको तालिका हेर्नुहोस्) |

| क्र.सं. | महाशाखा र महाशाखा प्रमुखको नाम | शाखाहरुको नाम | शाखा प्रमुखहरुको नाम (उपसचिव) |
|---|---|---|---|
| १ | प्रशासन तथा निरीक्षण महाशाखा<br>सहसचिव<br>श्री लक्ष्मीविलास कोइराला | क) सूचना तथा प्रकाशन शाखा | श्री गीताकुमारी होमेगाई |
| | | ख) प्रशासन शाखा | श्री सूर्यप्रसाद सापकोटा |
| | | ग) आर्थिक प्रशासन शाखा | श्री दिपक लामिछाने |
| | | घ) योजना तथा निरीक्षण शाखा | श्री कुशला पौडेल |
| | | ङ) सूचना सञ्चार प्रविधि शाखा | श्री रमेश शर्मा पौडेल |
| २ | अन्तर्वार्ता तथा सिफारिश महाशाखा<br>सहसचिव<br>श्री किरणराज शर्मा | क) प्रश्नपत्र परिमार्जन शाखा (प्राविधिक) | श्री चुरामणि मरासिनी |
| | | ख) प्रश्नपत्र परिमार्जन शाखा (अप्राविधिक) | श्री जानकीराम शर्मा बराल |
| | | ग) अन्तर्वार्ता तथा सिफारिश शाखा | श्री ज्ञानेश्वर भट्टराई |
| | | घ) प्रश्नपत्र परिमार्जन शाखा (सुरक्षा निकाय तथा संगठित संस्था) | श्री राजन राई |
| ३ | परीक्षा महाशाखा<br>सहसचिव<br>श्री शंकरप्रसाद पौडेल | क) परीक्षा सञ्चालन शाखा (प्राविधिक) | श्री समुन्द्रराज रेग्मी |
| | | ख) परीक्षा सञ्चालन शाखा (अप्राविधिक) | श्री सूर्यनाथ कोईराला |
| | | ग) लिखित परीक्षा नतिजा तयारी शाखा (प्राविधिक) | श्री रेणु श्रेष्ठ |
| | | घ) लिखित परीक्षा नतिजा तयारी शाखा (अप्राविधिक) | श्री जगन्नाथ बराल |
| | | ङ) लिखित परीक्षा नतिजा प्रकाशन शाखा | श्री रमेश मैनाली |
| ४ | परीक्षण प्रविधि, अनुसन्धान तथा पाठ्यक्रम महाशाखा<br>मुख्य मनोविज्ञानवेत्ता<br>डा. खगेन्द्रप्रसाद सुवेदी | क) परीक्षण प्रविधि शाखा | श्री सर्मुनलाल शाक्य |
| | | ख) पाठ्यक्रम तथा मूल्याङ्कन शाखा | श्री कृष्ण जि.सी. |
| | | ग) अनुसन्धान तथा विकास शाखा | |
| ५ | कानून महाशाखा<br>सहसचिव<br>श्री पाराश्वर ढुंगाना | क) नीति नियम तथा अभिलेख शाखा | श्री सन्तोषप्रसाद दाहाल |
| | | ख) उजुरी तथा विभागीय सजाय परामर्श शाखा | श्री टंकबहादुर महत |
| ६ | सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा<br>सहसचिव<br>श्री झक्कप्रसाद आचार्य | क) लिखित परीक्षा सञ्चालन शाखा | श्री नारायणप्रसाद ज्ञवाली |
| | | ख) लिखित परीक्षा नतिजा तयारी शाखा | श्री ईश्वरीप्रसाद अर्याल |
| | | ग) लिखित परीक्षा नतिजा प्रकाशन शाखा | श्री तेजप्रसाद दाहाल |

| | | |
|---|---|---|
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | कामको प्रकृति अनुसार फरक फरक हुने । आयोगको नागरिक वडापत्रमा उल्लेख गरिएको । |
| ७. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | छलफल, कार्यदल, टिप्पणी, प्रस्ताव । (नागरिक वडापत्रमा उल्लेख गरिएको) |
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | अधिकार प्रत्यायोजन अनुसार सहसचिवहरु, सचिव, आयोगका माननीय सदस्यहरु, माननीय अध्यक्ष, सम्बन्धित अदालतहरु । |
| ९. | सम्पादन गरेको कामको विवरण | माग तथा पदपूर्तिको निरीक्षण, माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन, सूचना प्रकाशन, पाठ्यक्रम निर्धारण, शैक्षिक योग्यता निर्धारणमा सहयोग, परीक्षा सञ्चालन, उपयुक्त उमेदवारको छनौट तथा सिफारिश, बढुवा उजुरीको सुनुवाई, पदपूर्ति सम्बन्धी सामान्य सिद्धान्तहरुको निर्माण, विभागीय कारवाही लगायत विषयमा परामर्श माग भई आएमा परामर्श प्रदान आदि । |
| १०. | प्रमुख सूचना अधिकारीको नाम र थर | प्रमुख माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनाली<br>सचिव श्री मधु प्रसाद रेग्मी<br>सूचना अधिकारी - उपसचिव श्री गिताकुमारी होमेगाई |
| ११. | आयोगले आफ्नो कार्यसम्पादनका क्रममा आधार लिने गरेका ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | – नेपालको संविधान<br>– लोक सेवा आयोग ऐन, २०६६ तथा लोक सेवा आयोग नियमावली, २०६७<br>– निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०<br>– नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्वास्थ्य सेवा नियमावली, २०५५<br>– व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ तथा व्यवस्थापिका-संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५<br>– विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरु<br>– सुरक्षा निकायहरु (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग) तथा संगठित संस्थाहरु सम्बन्धी ऐन, नियमावलीहरु<br>– लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०६७<br>– लोक सेवा आयोगको कार्य पद्धति दिग्दर्शन, २०७०<br>– लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीहरुको आचार संहिता, २०६९<br>– लोक सेवा आयोगबाट जारी विभिन्न निर्देशिका तथा लोक सेवा आयोगका समय-समयका निर्णयहरु<br>– सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु<br>– लोक सेवा आयोगबाट प्रतिपादित सिद्धान्तहरु<br>– अन्य प्रचलित ऐन, नियम र निर्देशिकाहरु |
| १२. | आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | आर्थिक प्रशासन सम्बन्धी विवरण सम्बन्धित शाखाबाट मासिक रुपमा आयोगको सूचना पाटीमा सार्वजनिक गर्ने गरेको |
| १३. | तोकिए बमोजिम अन्य विवरण | |
| (क) | अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण | Information and Communication Technology Development Project सन् २०१३ देखि एशियाली विकास बैंकको सहयोगमा सञ्चालन भइरहेको, आयोगका कामकारवाहीलाई Public Service Recruitment Management System (PSRMS) विकास गरी आयोगका कार्यहरु Automation मा लैजाने एवं आयोगबाट हुने विज्ञापनहरुमा Online आवेदन लिने प्रमुख उद्देश्य रहेको, हाल अनलाइन आवेदनका कार्यहरु कार्यान्वयनमा रहेको । |
| (ख) | सार्वजनिक निकायको वेवसाइट भए सो को विवरण | Website: www.psc.gov.np<br>Email: info@psc.gov.np |
| (ग) | सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरण | आयोगको वेवसाइट www. psc. gov. np , हरेक बुधबार गोरखापत्रमा नियमित रुपमा (आवश्यकता अनुसार अन्य बार हरुमा पनि) आयोगबाट प्रकाशन हुने बुलेटिन (सूचनापत्र), रेडियो नेपाल (प्रत्येक बुधबार राती ९:०० बजेको समाचारपछि) मा प्रकाशन तथा प्रशारण हुने । |

## लोक सेवा आयोग अन्तर्गत निकायहरुका सूचना अधिकारीहरुको विवरण

| क्र.सं. | निकायहरुको नाम | सूचना अधिकारीको पद, नाम र थर | कार्यालयको सम्पर्क नं. |
|---|---|---|---|
| १. | पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा | शाखा अधिकृत, श्री पुष्पराज पाण्डे | ०२६-५२०१३०, ९८४७१९४३१३ |
| २. | मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, काठमाडौं | शाखा अधिकृत, श्री गोविन्द कुँवर | ०१-४११५८३३, ९८४१८८९५४८ |
| ३. | पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा | शाखा अधिकृत, श्री उपेन्द्र पौडेल | ०६१-४६३१४५, ९८४६६५७९५७ |
| ४. | मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेत | शाखा अधिकृत, श्री भरत खनाल | ०८३-५२०१०६, ९८४८०७५५५६ |
| ५. | सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायल | शाखा अधिकृत, श्री हरिबहादुर चन्द | ०९४-४४०१४७, ९८४८७४७३६३ |
| ६. | मेची अञ्चल कार्यालय, इलाम | शाखा अधिकृत, श्री जनार्दन कट्टेल | ०२७-५२००६२, ९८४१६९६६१४ |
| ७. | सगरमाथा अञ्चल कार्यालय, दिक्तेल | शाखा अधिकृत, श्री सबिता के.सी. | ०३६-४२०१७७, ९८४१५९६९३५ |
| ८. | जनकपुर अञ्चल कार्यालय, जलेश्वर | शाखा अधिकृत, श्री दिनेश कुमार साह | ०४४-५२०१४७, ९८४४०३७३८० |
| ९. | नारायणी अञ्चल कार्यालय, हेटौंडा | शाखा अधिकृत, श्री श्यामसुन्दर श्रेष्ठ | ०५७-५२०३०२, ९८४५०३२०९२ |
| १०. | लुम्बिनी अञ्चल कार्यालय, बुटवल | शाखा अधिकृत, श्री नारायणप्रसाद आचार्य | ०७१-५४०२०७, ९८५११६२६६३ |
| ११. | धवलागिरी अञ्चल कार्यालय, बाग्लुङ | शाखा अधिकृत, विन्दुदेवी शर्मा | ०६८-५२२६४७, ९८५७६३३४३३ |
| १२. | राप्ती अञ्चल कार्यालय, दाङ | शाखा अधिकृत, श्री कृष्णप्रसाद आचार्य | ०८२-५२००१३, ९८४७८५४३८८ |
| १३. | कर्णाली अञ्चल कार्यालय, जुम्ला | शाखा अधिकृत, श्री ओमकुमार श्रेष्ठ | ०८७-५२०००८, ९८४१८३९१८७ |
| १४. | महाकाली अञ्चल कार्यालय, कञ्चनपुर | शाखा अधिकृत, श्री खगेन्द्रप्रसाद भट्ट | ०९९-५२१२०९, ९८४९५०७८९१ |
| १५. | दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर | शाखा अधिकृत, श्री नारायणप्रसाद गौतम | ०१-४७७१२१४, ९८४७०४५१८२ |

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ बमोजिम आयोग र मातहतका निकायहरुबाट सूचना माग र फछ्र्यौट सम्बन्धी विवरण

| क्र.सं. | सूचना माग कर्ताको नाम र ठेगाना | माग भएको सूचनाको विवरण | सूचना माग भएको मिति | फछ्र्यौटको विवरण |
|---|---|---|---|---|
| १. | श्री सुरेस सापकोटा, अन्नपूर्ण पोष्ट | विगत ६ वर्ष यता सहसचिव, उपसचिव र शाखा अधिकृत पदमा खुलातर्फ प्रथम भई सिफारिश हुने उम्मेदवारहरुको फोन नम्बर इमेल ठेगाना उपलब्ध गराइदिने । | २०७३/०७/०५ | निवेदकको माग बमोजिमको विवरण मिति २०७३/७/७ मा उपलब्ध गराइएको । |
| २ | श्री उमेश रुपाखेती, LUMANTI Support Group For Shelter, Kathmandu | लोक सेवा आयोगबाट मान्यता प्रदान गरी सूचिकृत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाको विवरण इमेल मार्फत माग गरेको । | २०७३/०७/१८ | आयोगबाट मान्यता प्रदान गरी सूचिकृत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संगठित संस्थाहरुको विषयमा कुनै निर्णय नभएको व्यहोरा पत्र तथा इमेल मार्फत मिति २०७३/७/२६ मा जानकारी गराइएको । |
| ३. | श्री शिवहरि पोखरेल, नेपाल टेलिकम | आयोगको उपसचिव पदको लागि आवश्यक सेवा अवधि आफू कार्यरत रहेको सार्वजनिक संस्थान, नेपाल विद्युत प्राधिकरण र नेपाल टेलिकमको स्थायी अनुभवलाई गणना नगरी फाराम अस्वीकृत भएको सम्बन्धमा जानकारी माग गरेको । | २०७३/०७/२६ | आयोगबाट मिति २०७३/८/२ मा संगठित संस्था वा गैर सरकारी निकायहरु र निजामती सेवा बाहेकका सरकारी सेवामा स्थायी नियुक्ति पाई गरेको एक वर्षभन्दा कम अवधिको सेवा अवधि अनुभवमा गणना नगर्ने भनि भएको निर्णयानुसारको जानकारी मिति २०७३/८/७ मा निवेदकलाई उपलब्ध गराईएको । |
| ४. | श्री देविकुमारी बुढा, कुमालगाउँ, कालिकोट | मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, नयाँ बानेश्वर को विज्ञापन नं. ११४२६/०७२-७३ (पि.क्षे.) स्वास्थ्य सेवा, पाँचौ तह, हे.ई. समूह, हेल्थ असिष्टेण्ट पदको सिफारिश सूचनामा दरखास्तको अन्तिम मिति भन्दा पछिको मितिमा जारी भएको समावेशी कागजात पेश गरेको हुँदा सिफारिश रद्द गरिएकोमा सो सम्बन्धमा आयोगबाट भएको निर्णय माग गरेको । | २०७३/०८/०५ | बढुवा उजुरी तथा विभागीय सजाय परामर्श शाखाबाट यस सम्बन्धमा प्रस्ताव तयार गरी आयोगबाट निर्णय भएको हुँदा सो शाखालाई निवेदकको माग बमोजिमको निर्णयको प्रतिलिपी उपलब्ध गराइदिन मिति २०७३/८/१२ मा पत्राचार गरिएको । |
| ५. | श्री नरहरि चापागाई, जिल्ला वनस्पति कार्यालय, मकवानपुर | आयोगको बढुवा सूचना नं. १८/०७३-७४ राजपत्रांकित प्रथम श्रेणी जेष्ठता र कार्यसम्पादन मूल्याकंनद्वारा हुने बढुवातर्फ दरखास्त दिने उम्मेदवारहरुको संख्या माग गरेको । | २०७३/०८/२० | निवेदको माग बमोजिम मिति २०७३/८/२६ मा लिखित जानकारी उपलब्ध गराईएको । |
| ६. | श्री भोजराज जोशी, वनकट्टी-१४, कञ्चनपुर | भारतको गुरुकुल विश्वविद्यालय, बृन्दावनबाट सञ्चालित हाइस्कूल परीक्षा पास विद्यार्थीलाई नेपालमा एस.एल.सी.को समकक्षता मानेर लोक सेवा आयोगको परीक्षा दिन पाउने वा नपाउने सम्बन्धमा जानकारी माग गरेको । | २०७३/०९/०६ | अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यताको समकक्षता लोक सेवा आयोगले निर्धारण नगर्ने र निवेदकले माग गरेको विषयमा एस.एल.सी. बोर्डबाट समकक्षता निर्धारण भए बमोजिम कायम भएको योग्यताको आधारमा मात्र आयोगले सञ्चालन गर्ने परीक्षाका लागि आवेदन दिन सकिने व्यहोराको जानकारी मिति २०७३/९/१२ मा उपलब्ध गराईएको । |

# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय, अनामनगर

## सूचना तथा प्रकाशन शाखा

### आ.व. २०७३/७४ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका -१

### (निजामती सेवातर्फ राजपत्रांकित तथा राजपत्र अनंकित विभिन्न श्रेणी/तहका पदहरु)

| क्र.सं. | श्रेणी/तह | पदपूर्तिको किसिम | प्रतिशत निर्धारण | विज्ञापन/सूचना प्रकाशन | परीक्षा सञ्चालन | लि.प.नतिजा | अन्तर्वार्ता र सिफारिश |
|---|---|---|---|---|---|---|---|
| १. | राजपत्रांकित विशिष्ट श्रेणी | बढुवा | आवश्यकता अनुसार | - | - | - | - |
| २. | विभिन्न सेवाका राजपत्रांकित प्रथम श्रेणीका प्राविधिक र अप्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधबार | मंसीर | पुष/माघ | माघ/फागुन |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ३. | विभिन्न सेवाका राजपत्रांकित द्वितीय श्रेणीका प्राविधिक र अप्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधबार | पुस/माघ | फागुन/चैत | चैत/वैशाख |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ४. | स्वास्थ्य सेवाका एघारौं र नवौं तहका पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधबार | पुस/माघ | फागुन/चैत | चैत/वैशाख |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| ५. | विभिन्न सेवाका राजपत्रांकित तृतीय श्रेणीका प्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| | | आन्तरिक प्रतियोगिताद्वारा * | | | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा * | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ६. | स्वास्थ्य सेवाका आठौं तहका पदहरु | खुला प्रतियोगिताद्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| ७. | स्वास्थ्य सेवाका सातौं तहका पदहरु | खुला र आ.प्र.द्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| | | कार्यसम्पादन तथा अनुभवको मूल्यांकनबाट हुने समायोजनद्वारा | | | | | |
| ८. | विभिन्न सेवाका राजपत्रांकित तृतीय श्रेणीका अप्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा प्रथम चरण | कार्तिक/मंसीर | मंसीर अन्तिम बुधबार | माघ | फागुन | |
| | | खुला प्रतियोगिताद्वारा द्वितीय चरण | | | चैत्र | जेठ | असार |
| | | आन्तरिक प्रतियोगिताद्वारा* | | | चैत्र | जेठ | असार |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ९. | विभिन्न सेवाका राजपत्र अनंकित प्रथम श्रेणीका अप्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा प्रथम चरण | मंसीर/पुस | पुस अन्तिम बुधबार | फागुन | चैत | |
| | | खुला प्रतियोगिताद्वारा द्वितीय चरण | | | वैशाख | साउन/भदौ | भदौ/असोज |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| १०. | विभिन्न सेवाका राजपत्र अनंकित प्रथम श्रेणीका प्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा | पुस /माघ | माघ अन्तिम बुधबार | वैशाख | जेठ | असार |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ११. | स्वास्थ्य सेवाका पाँचौं तहका पदहरु | खुला र आ.प्र.द्वारा | पुस/माघ | माघ अन्तिम बुधबार | वैशाख | जेठ | असार |
| | | कार्यसम्पादन तथा अनुभवको मूल्यांकनबाट हुने समायोजनद्वारा | | | | | |
| १२. | विभिन्न सेवाका राजपत्र अनंकित द्वितीय श्रेणीका अप्राविधिक पदहरु | आ.प्र. | माघ/फागुन | फागुन अन्तिम बुधबार | असार | भदौ/असोज | असोज/कार्तिक |
| | | खुला प्रथम चरण | | | वैशाख | असार | |
| | | खुला द्वितीय चरण | | | असार | भदौ/असोज | असोज/कार्तिक |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| १३. | विभिन्न सेवाका राजपत्र अनंकित द्वितीय श्रेणीका प्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | फागुन/चैत्र | चैत्र अन्तिम बुधबार | जेठ | असार | साउन |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| १४. | स्वास्थ्य सेवाका चौथो तहका पदहरु | खुला प्रतियोगिताद्वारा | फागुन/चैत्र | चैत्र अन्तिम बुधबार | जेठ | असार | साउन |
| १५. | टाइपिष्ट | आ.प्र. द्वारा बढुवा | | साउन अन्तिम बुधबार | असोज | असोज/कार्तिक | असोज/कार्तिक |
| १६. | विविध | आवश्यकताअनुसार | | | | | |

* व्यवस्थापिका संसद सेवाको लागि मात्र ।

# आ.व. २०७३/७४ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका -२

(सुरक्षा निकायहरु तथा अन्य सरकारी सेवा/संगठित संस्थाहरु तर्फका विभिन्न श्रेणी/तहका पदहरु)

| क्र. सं. | निकाय | श्रेणी/तह | पदपूर्तिको किसिम | प्रतिशत निर्धारण | विज्ञापन/सूचना प्रकाशन | आई. क्यू परीक्षा/नतिजा | लिखित/प्रयोगात्मक परीक्षा सञ्चालन | लि.प./प्रयोगात्मक नतिजा | सम्बन्धित संस्थाबाट अन्तर्वार्ता र सिफारिश गर्ने गरी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | **नेपाली सेना** | | | | | | | | |
| क | अधिकृत क्याडेट | | खुला तथा समावेशी | आवश्यकता अनुसार | भदौ/असोज | असोज/कार्तिक | असोज/कार्तिक | मंसिर | माघ/फागुन |
| ख | पदिक/हुद्दा अधिकृत क्याडेट | | आन्तरिक प्रतिस्पर्धात्मक | आवश्यकता अनुसार | चैत्र/वैशाख | जेठ | जेठ | जेठ | असार |
| ग | प्राविधिक/प्राड/लेखा अधिकृत एम.बि.बि.एस./डेन्टल डाक्टर, फर्मासिष्ट, सैनिक उपचारिका, डाईटिसियन, भेटेरिनरी डाक्टर, सिभिल इन्जिनियर, मेकानिकल इन्जिनियर, इलेक्ट्रोनिक्स इन्जिनियर, इलेक्ट्रिकल इन्जिनियर, केमिकल इन्जिनियर, केमिष्ट, टेक्सटायल इन्जिनियर, सर्भे अधिकृत, कम्प्युटर इन्जिनियर, पाईलट अधिकृत, एरोनोटिकल इन्जिनियर, एयरक्राफ्ट रेडियो मेन्टिनेन्स इन्जिनियर, एभियोनिक्स इन्जिनियर, बायो मेडिकल इन्जियिनर, अर्थोटिक्स एण्ड प्राथोडिक्स इन्जिनियर, प्राड अधिकृत, लेखा अधिकृत आदि) | | खुला तथा समावेशी | आवश्यकता अनुसार | साउन/भदौ | - | असोज/कार्तिक | असोज/कार्तिक | कार्तिक/मंसिर |
| घ | प्राविधिक/प्राड/लेखा अधिकृत (सर्भे अधिकृत, सिष्टम इञ्जिनियर, फोटोग्राफी, मेकानिकल तथा इलेक्ट्रोनिक्स, रेडियो, भेहिकल्स, आर्मोरर, ईस्ट्रुमेण्ट र अर्मामिण्ट, छापाखाना, क्याभलरी, सिभिल इञ्जिनियर, वीरेन्द्र अस्पताल र त्रिचन्द्र मिलिटरी अस्पतालका विभिन्न ट्रेड, संभार समूह, पाईनियर, पाईपर, ड्रमर्स, बिगुलर, म्युजिक, व्याण्ड माष्टर आदि) | | आन्तरिक प्रतिस्पर्धात्मक | आवश्यकता अनुसार | कार्तिक/मंसिर | - | पुस/माघ | पुस/माघ | माघ/फागुन |
| ङ | प्राविधिक/प्राड/पदिक (ओभरसियर, ड्राफ्ट मेन, सैनिक उपचारीका, कम्प्युटर, टेलिभिजन कार्यक्रम उत्पादन/छायांकन, भेटेरिनरी, रेडियो आरमोरर, भेहिकल्स, प्राड जम. आदि) | | खुला तथा समावेशी/आन्तरिक प्रतिस्पर्धात्मक | आवश्यकता अनुसार | पुस/माघ | - | फागुन/चैत्र | फागुन/चैत्र | चैत्र/वैशाख |
| च | प्राविधिक बिल्लादार (मेडिकल, ड्राफ्ट्मेन, कम्प्युटर, जनरल मेकानिक्स, इलेट्रिसियन, प्लम्बर, सर्भे, बुक्लियर (डकर्मी), बज्रकर्मी, आरमेरर, फोटोग्राफी, छापाखाना, क्याभलरी, टेलिभिजन कार्यक्रम उत्पादन/छायांकन, भेटेरीनरी, प्याराच्यूट फोल्डर, एभिएसन स्टोर एम्युनिशन टेक्निसियन, असवाव, व्याण्ड, वेल्डर, फेटर, भेहिकल मेकानिक्स आदि) | | खुला तथा समावेशी/आन्तरिक प्रतिस्पर्धात्मक | आवश्यकता अनुसार | माघ/फागुन | - | चैत्र/वैशाख | चैत्र/वैशाख | जेठ/असार |
| छ | लेखा जम.क./अ.क./सैन्य/सैन्य ड्राईभर/फलोअर्स पहिलो चरण | | खुला तथा समावेशी/आन्तरिक प्रतिस्पर्धात्मक | आवश्यकता अनुसार | कार्तिक/मंसिर | - | पुस/माघ | पुस/माघ | माघ/फागुन |
| ज | लेखा जम.क./अ.क./सैन्य/सैन्य ड्राईभर/फलोअर्स दोस्रो चरण | | खुला तथा समावेशी/आन्तरिक प्रतिस्पर्धात्मक | आवश्यकता अनुसार | फागुन/चैत्र | - | वैशाख/जेठ | जेठ/असार | जेठ/असार |
| २ | **नेपाल प्रहरी** | | | | | | | | |
| क | प्राविधिक प्रहरी निरीक्षक/प्रहरी सहायक निरीक्षक | रा.प./रा.प.अनं. | खुला तथा समावेशी | आवश्यकता अनुसार | जेठ | - | साउन | असोज | असोज/कार्तिक |
| ख | प्रहरी निरीक्षक | रा.प. | खुला तथा समावेशी | | असार | - | भदौ/असोज | कार्तिक | कार्तिक/मंसिर |
| ग | प्रहरी सहायक निरीक्षक | रा.प.अनं. | खुला तथा समावेशी | | साउन | - | कार्तिक | मंसिर | मंसिर/पुस |
| घ | प्रहरी सहायक निरीक्षक | रा.प.अनं. | खुला तथा समावेशी | | माघ | - | बैशाख | जेठ | जेठ/असार |
| ङ | प्रहरी जवान | | खुला तथा समावेशी | | असार | - | भदौ | असोज | कार्तिक/मंसिर |
| च | प्रहरी जवान | | खुला तथा समावेशी | | पुस | - | फागुन | चैत्र | वैशाख/जेठ |
| छ | प्रहरी कार्यालय सहयोगी | | खुला तथा समावेशी | | कार्तिक | - | कार्तिक | मंसिर | मंसिर |
| ३ | **सशस्त्र प्रहरी बल नेपाल** | | | | | | | | |
| क | सशस्त्र प्रहरी निरीक्षक/प्रहरी नायव निरीक्षक/ प्रहरी सहायक निरीक्षक (अप्रा./प्रा.) | रा.प./ रा.प अनं. | खुला तथा समावेशी | साउन | भदौ | - | कार्तिक/ मंसिर | पुस/माघ | फागुन/चैत्र |
| ख | सशस्त्र प्रहरी हवल्दार, जवान, परीचर | | खुला तथा समावेशी | भदौ | असोज | - | मंसिर | माघ | फागुन/चैत्र |
| ४ | **राष्ट्रिय अनुसन्धान विभाग** | | | | | | | | |
| क | अनुसन्धान अधिकृत | रा.प.तृतीय | खुला तथा समावेशी | मंसिर/पुस | माघ | | चैत्र | जेठ | जेठ/असार |
| ख | अनुसन्धान सहायक | रा.प.अनं. द्वितीय | खुला तथा समावेशी | मंसिर/पुस | माघ | | चैत्र | जेठ | जेठ/असार |
| ५ | **पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैंक, समिति वा संघीय कानून बमोजिम स्थापित वा नेपाल सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, वोर्ड, केन्द्र, परिषद र अन्य संगठित संस्थाहरु** | | | | | | | | |
| क | अधिकृत/सहायक स्तर | | आन्तरिक प्रतिस्पर्धात्मक/खुला तथा समावेशी | साउन/भदौ | साउन/भदौ/असोज | - | कार्तिक-माघ | फागुन-चैत्र | चैत्र-असार |